／# टोखा नगरपालिका

टोखा नगरपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ९ | संख्या ९ | मितिः २०८२/०६/३१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग–२

# बालअधिकार संरक्षणसम्बन्धी एकीकृत कार्यविधि, २०८२

**प्रस्तावनाः**

टोखा नगरपालिका क्षेत्रमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, संवर्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि बाल अधिकार महासन्धि, दिगो विकासको लक्ष्य, नेपालको संविधान, राष्ट्रिय बालबालिका नीति, बालबालिका सम्बन्धी ऐन तथा बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन बाल बचाउ, बाल संरक्षण, बाल

विकास र बाल सहभागिताको अधिकार लगायत बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि यस नगरपालिकाको बाल अधिकार संरक्षण तथा संवर्द्धन रणनीतिक कार्ययोजना (२०८१ देखि २०८५) को रणनीति १ समेतका आधारमा यस एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी टोखा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद – एक

## परिचय

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाल अधिकार संरक्षणसम्बन्धी एकीकृत कार्यविधि, २०८२" रहेको छ।

२. यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "नगरपालिका" भन्नाले टोखा नगरपालिका सम्झनुपर्दछ।

(ख) "प्रमुख" भन्नाले टोखा नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ग) "उपप्रमुख" भन्नाले टोखा नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनुपर्छ।

(ङ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनुपर्छ।

(च) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ।

(छ) "बाल गृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्न नगरपालिकाभित्र सूचीकृत भई सञ्चालनमा रहेका संस्था सम्झनुपर्छ।

(ज) "बाल क्लब वा संस्था" भन्नाले बालअधिकारको संरक्षण तथा प्रवर्धनका लागि अठार वर्ष उमेर पूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार वडा तथा नगरपालिकामा दर्ता भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संस्था वा समूहलाई सम्झनु पर्छ।

(झ) "बाल कोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि ऐनको दफा ६३ बमोजिम नगरपालिकामा स्थापना गरिएको बाल कोष सम्झनुपर्छ।

(ञ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको (६,५७० दिन) व्यक्ति सम्झनुपर्छ।

(ट) "बाल सञ्जाल" भन्नाले यस कार्यविधि बमोजिम वडा तथा नगर स्तरमा गठन भएको बाल क्लब वा संस्थाहरूको सञ्जाल सम्झनुपर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(ड) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम नगरपालिकामा नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्छ।

(ढ) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका नगरपालिका भित्र बसोबास गर्ने वा फेला परेका अनुसूची १ मा उल्लेख गरिए बमोजिमका बालबालिका सम्झनुपर्छ।

(ण) "समाजसेवी तथा बालमनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम नगरपालिकामा सूचीकृत भएका व्यक्ति सम्झनुपर्छ।

(त) "समिति" भन्नाले नगर बाल अधिकार समिति सम्झनु पर्छ।

(थ) "बालमैत्री स्थानीय समिति" भन्नाले (बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८) बालमैत्री स्थानीय शासन प्रर्वधन गर्नका लागि निर्माण गरिएको नगरप्रमुखको अध्यक्षतामा गठित समितिलाई सम्झनु पर्दछ।

(द) "सामाजिक संस्था" भन्नाले बाल अधिकार संरक्षण, संवर्धन तथा प्रवर्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका र नगरपालिकामा सूचीकृत भई नगरपालिका भित्र बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, सङ्गठन, समूह, सञ्जाल तथा सामुदायिक संस्था सम्झनुपर्छ।

(ध) "सेवा प्रदायक संस्था" भन्नाले नगरपालिकामा बालबालिका सम्बन्धी सेवा प्रदान गरिरहेका सरकारी निकाय, विद्यालय, स्रोत केन्द्र, प्रहरी चौकी, गैरसरकारी संघसंस्था, निजी क्षेत्र, अस्थायी संरक्षण सेवा केन्द्र पुनर्स्थापना केन्द्र, बाल गृह, बालसुधार गृह, बालबालिका खोजतलास सेवा (१०४) र बाल हेल्पलाइन (१०९८) सेवा जस्ता सेवा प्रदान गर्ने संस्था सम्झनुपर्छ।

(न) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अभिभावक बिहीन बालबालिका सम्झनुपर्छ ।

(प) "अपाङ्गता भएका बालबालिका" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका बालबालिकालाई सम्झनु पर्छ ।

(फ) "प्रदेश ऐन" भन्नाले बागमती प्रदेश सरकारको 'प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ सम्झनुपर्दछ ।

(ब) "शिशु स्याहार केन्द्र" भन्नाले ६ महिनादेखि ३ वर्षसम्मका उमेर समूहका शिशुहरूको स्याहार तथा संरक्षण गर्न स्थापना र सञ्चालन गरिएको स्याहार केन्द्र सम्झनुपर्दछ ।

(फ) "कार्यविधि" भन्नाले नगरपालिकाको बाल अधिकार संरक्षणसम्बन्धी एकीकृत कार्यविधि, २०८२ सम्झनुपर्दछ ।

## परिच्छेद दुई

## उद्देश्य

**४. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्ः**

(क) स्थानीय तहमा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका व्यवस्था कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, संवर्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति गर्नु,

(ख) बालबालिकासँग सम्बन्धित योजना र कार्यक्रमको कार्य सम्पादनमा सहजता ल्याउनु,

(ग) समावेशी आधारमा बालमैत्री, पोषणमैत्री, लैङ्गिकमैत्री, बालविवाह मुक्त, बालश्रम मुक्त, अपाङ्गतामैत्री,

वातावरणमैत्री, बालबालिका र विद्यालय शान्ति क्षेत्र, बालबालिका राष्ट्रिय गौरव हुन् जस्ता बालबालिकासँग सम्बन्धित अभियानको प्रवर्धन गर्नु,

(घ) अभिभावक शिक्षाको प्रवर्द्धन गर्नु र बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, बेचबिखन लगायतका हानिकारक अभ्यासहरूको अन्त्य गर्नु ।

## परिच्छेद – तीन

## बालबालिकाको अधिकार

५. **बाँच्न पाउने अधिकारः** टोखा नगरपालिकाका प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि बालबालिकामाथि हुनसक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि नगरपालिकाले आवश्यक उपाय अवलम्बन गर्नेछ ।

६. **नाम, राष्ट्रियता र पहिचानको अधिकारः** प्रत्येक बालबालिकाको आफ्नो पहिचान सहित नामाकरण र जन्म दर्ता गरिनेछ । यदि सामान्य भन्दा फरक परिस्थितिका बालबालिकाको सन्दर्भमा भने बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ४ बमोजिम बालबालिकाको जन्मदर्ता गरिने छ ।

७. **भेदभाव विरुद्धको अधिकारः**

(क) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।

(ख) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन ।

(ग) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

(घ) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गरिने छैन ।

८. **बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकारः**

(क) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गरिने छैन । कुनै समय परिस्थितिमा बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ । यस सन्दर्भमा थप विषय र परिस्थिति सिर्जना भएको खण्डमा ऐनको दफा ६ अनुसार गरिने छ ।

९. **संरक्षणको अधिकारः**

(क) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार रहनेछ र बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।

(ख) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।

(ग) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण प्रदान गरिने छ ।

(घ) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, महिला तथा बालिका बिरुद्ध हिंसा, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्रदान गरिनेछ ।

(ङ) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार सुनिश्चित गरिनेछ ।

(च) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गरिने छैन ।

(छ) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन दिइने छैन ।

(ज) १८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राखिने छैन र यदि राखिएको पाइएमा बालश्रम (निषेध तथा नियमन) ऐन २०५६ अनुसार कारबाही गरिनेछ।

(झ) नगरपालिकाले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा नगरपालिका भरिका सबै विद्यालयमा, बाल गृह, दुर्व्यसनीमा लागेका बालबालिकाका लागि खोलिएको बाल सुधार केन्द्र, स्वास्थ्य संस्था, बाल उद्यान तथा स्रोत केन्द्र लगायतका बालबालिकाको समूहगत रूपमा उपस्थित हुने स्थानहरूमा ऐनको दफा ५७ अनुसार बाल संरक्षण मापदण्ड बनाइ लागू गरिने छ।

१०. **सहभागिताको अधिकारः** आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार सुनिश्चित गरिनेछ।

११. **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारः** प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने, आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार सुनिश्चित गरिने छ।

१२. **संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः** प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रर्वद्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको सुनिश्चितताका लागि नियमावलीको नियम ३ देखि १० सम्मको व्यवस्था कार्यान्वयन गरिने छ।

१३. **गोपनियताको अधिकारः** प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी तथा उनीहरूको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको

निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियोको सिर्जना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्ने वा गराउने कार्यको निषेध गरिने छ भने अन्य अवस्थामा भने ऐनको दफा ११ बमोजिम गरिने छ।

१४. **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारः** (१) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने, सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार सुनिश्चित गरिने छ।

१५. **पोषण तथा स्वास्थ्यको अधिकारः** नगरपालिका भित्रका प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी, रोगबाट बच्न आवश्यक खोपहरू, राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी पाउने र आधारभूत स्वास्थ्य उपचार निःशुल्क रूपमा प्राप्त गर्ने अधिकारको व्यवस्था गरिनेछ।

१६. **खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारः** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुचि अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुन पाउने, खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था, आफ्नो उमेर, रुचि र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन, उनीहरूको हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकारको सुनिश्चितता गरिने छ।

**१७. शिक्षाको अधिकारः**

(क) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको व्यवस्था गरिने छ।

(ख) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा प्रदान गरिनेछ।

(ग) अपाङ्गता भएका बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने व्यवस्था मिलाइने छ।

(घ) दलित तथा अपाङ्गता भएका बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षाको अधिकार तथा कक्षा ५ सम्मका सबै बालबालिकालाई विद्यालय खाजा कार्यक्रमको व्यवस्था गरिनेछ।

## परिच्छेद – चार

## बाल अधिकारको संरक्षण, सम्मान, संवर्धन, प्रवर्धन, प्रचलन, परिपूर्ति गर्ने दायित्व निर्वाहको व्यवस्था

**१८. बाल अधिकारको संरक्षणः** स्थानीय तह भित्रका बालबालिकाको अधिकारको संरक्षण, सम्मान, संवर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्ति ऐनको दफा ६४ र ६५, बालबालिकाप्रतिको दायित्व निर्वाह दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ। बाल अधिकार आचारसंहिता अनुसूची ६ बमोजिम हुनेछ ।

१९. **बाल अधिकारको संरक्षण, सम्मान, संवर्धन, प्रवर्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्थाः** बाल अधिकारको संरक्षण, सम्मान, संवर्धन र प्रवर्धन गर्नका लागि देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था गरिनेछः-

(क) टोखा नगरपालिका भित्रका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाण-पत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरू अपनाइनेछ।

(ख) नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सेवा सुविधा र आवश्यक बालमैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अनुगमन गर्ने गराउने कार्यहरू गरी बालबालिकाको स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।

(ग) टोखा नगरपालिका भित्रका प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार, बेन्च, डेस्क टेबुल, उज्यालो कोठा र हावा राम्ररी आवत जावत हुने), कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहार, अस्वस्थ खाना, पत्रु खाना (जङ्क फुड)लगायतका कार्यहरू निषेध गर्ने एवम् लैङ्गिकमैत्री र अपाङ्गतामैत्री संरचना, पर्याप्त खानेपानी र सरसफाइ, महिनावारी सामग्री (स्यानीटरी प्याड) तथा प्रारम्भिक उपचार बाकस, नियमित र अपाङ्गता भएका बालबालिकाको पहुँचयोग्य भौतिक संरचना सहित समावेशी शिक्षाका मान्यताअनुसार बालमैत्री पठन पाठन, खेल मैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकुद र सामानको व्यवस्था गरिनेछ।

(घ) नगरपालिका भित्रका सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ।

(ङ) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरूको अनुगमन तथा मूल्याङ्कन गरी समीक्षा गरिनेछ।

(च) कम्तीमा प्रत्येक वडामा एक बाल पुस्तकालय वा बाल सिकाइ केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ।

(छ) कुनै पनि विद्यालयको ५०० मिटरको दूरीभित्र मदिरा, चुरोट तथा सूर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको बिक्री वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ।

(ज) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि बाल संरक्षण मापदण्ड बनाइ सहजै देखिने गरी राख्ने र सो बमोजिमको व्यवस्था लागू गरिनेछ।

(झ) बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बाल श्रम रोकथाम र अन्त्य गर्न, बाबुआमा विहीन, विपदमा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न, नगरपालिकाको न्यायिक समितिको कक्षलाई बालमैत्री कक्ष तथा इजलास भन्दा छुट्टै कक्ष निर्माण गरी सुनुवाइ गर्ने र उजुरीको तत्काल कारबाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्न सहजीकरण गरिनेछ।

(ञ) बालबालिका विरुद्धको हिंसामा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, संरक्षण, राहत व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. १०९८-दश नौ आठ)

लगायत सम्बन्धित सरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारीस फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापन, जोखिमपूर्ण श्रममा संलग्न, बेचबिखन तथा ओसारपसारमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. १०४)सँग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ।

(ट) स्थानीय तहभित्रका सबै अवस्थाका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गताको प्रकृति तथा गम्भीरताको अवस्था, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहीन, जोखिममा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरी आवधिक रूपमा स्थानीय तहको वेबसाइटमार्फत समेत सार्वजनिक गरिनेछ।

(ठ) स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल अधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनशीलता र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(ड) स्थानीय तहको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(ढ) खण्ड (ट) बमोजिमको तथ्याङ्कको आधारमा बालबालिकाको अवस्थाको लेखाजोखा गरी नगरपालिका भित्रै बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिनेछ।

(ण) बालअधिकार संरक्षण, सम्मान, संवर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्ति गर्नका लागि अभिभावक शिक्षा प्रवर्धन गरिनेछ।

२०. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्नेः** स्थानीय तह, स्थानीय तहका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हित तथा उच्चतम हितलाई प्राथमिकता दिनु पर्नेछ।

२१. **बालमैत्री र अपाङ्गतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः**

(क) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने स्थानीय तह भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा पहुँचयुक्तता प्रवर्धन गरी बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री निर्माण गर्ने व्यवस्था गरिनेछ।

(ख) अपाङ्गता भएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्ने गरी विद्यालय, स्वास्थ्य संस्था, संरक्षण केन्द्रको क्षमता वृद्धि गर्दै शिक्षक तालिम तथा परिवार सहायता तथा अभिभावक शिक्षाको व्यवस्था गरिनेछ।

२२. **बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाः** स्थानीय तहभित्र फेला परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्दा यस्ता बालबालिकालाई सर्वोत्तम हित हुने गरी संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको प्राथमिकताको आधार एवम् नियमावलीको नियम ५३ देखि ६७ सम्मको व्यवस्था बमोजिम गरिनेछ। उल्लिखित व्यवस्थाहरू समेतको

आधारमा वैकल्पिक स्याहारसम्बन्धी मापदण्ड बालबालिका सम्बन्धी नियमावलीको अनुसूची ४ बमोजिमको व्यवस्था यस कार्यविधिको अनुसूची २० बमोजिम रहेको छ।

२३. **बालमैत्री सम्पर्क शाखा स्थापनाः** सामाजिक समावेशीकरण शाखाले बालमैत्री सम्पर्क शाखाको रूपमा रही काम कारवाही गर्नेछ।

## परिच्छेद – पाँच

## बालकल्याण अधिकारी नियुक्ति, सामाजसेवी र बालमनोविज्ञको सूचीकरण र नियुक्ति

२४. **बालकल्याण अधिकारीको नियुक्तिः** (१) ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरी एक जना बाल कल्याण अधिकारीको नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नियमावलीको नियम ८१ को उपनियम (४) बमोजिम बाल कल्याण अधिकारी तोकिनेछ।

२५. **नियुक्ति हुने बालकल्याण अधिकारको योग्यता देहायबमोजिम हुनेछ :–**

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा कानून वा सामाजिक अध्ययन विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरी बाल अधिकार वा बाल संरक्षणको क्षेत्रमा काम गरेको अनुभव भएको,

(ग) एक्काइस वर्ष उमेर पूरा भएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) बाल अधिकार हनन् तथा भ्रष्टाचारको कसूरमा सजाय नपाएको,

(च) सरकारी तथा अर्धसरकारी निकायसँग कुनै बाँकी बक्यौता नरहेको, नियुक्त हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको,

(३) बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य-सचिवको रूपमा काम गर्नेछ।

(४) बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म वा कुनै कारणले सो पद रिक्त भएको अवस्थामा महिला तथा बालबालिकासम्बन्धी विषय हेर्ने कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ।

(५) नियुक्त हुने बाल कल्याण अधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा अधिकृत स्तरको हुनेछ।

२६. **बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–** (१) बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ऐनको दफा ६१ को उपदफा (१) नियमावलीको नियम ८२ , ऐन तथा नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्यका अतिरिक्त प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ ले तोके बमोजिम हुनेछ।

नियमावलीको नियम ८२ अनुसारका बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(क) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

(ग) स्थानीय तहभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्थासम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण गरी अद्यावधिक प्रतिवेदन तयार गर्ने,

(घ) स्थानीय तहमा जोखिममा परेका, अपाङ्गता भएका, विशेष संरक्षण र वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने,

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने,

(च) बालबालिका विरुद्धको कसूरका अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(छ) स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने,

(ज) स्थानीय तहमा भएका बालअधिकार उल्लङ्घन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण सम्बन्धी कार्य गर्ने,

(झ) बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानूनबमोजिम अदालतमा निवेदन दिने,

(ञ) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने,

(ट) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ठ) बालबालिकाको गोपनीयताको हकको उल्लङ्घन नहुने गरी प्रचलित कानून बमोजिम प्रकाशित गर्नु पर्ने सूचना तथा प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बालअधिकार समिति र परिषद्मा पेश गर्ने,

(ड) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने, स्थानीय तहमा बालश्रम, बालविवाह जस्ता समस्याको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ण) स्थानीय बाल अधिकार समितिबाट प्रत्यायोजित अन्य काम गर्ने,

(त) बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७८ तथा अन्य कानूनमा बाल कल्याण अधिकारीले गर्ने भनी उल्लेख भएका काम गर्ने ।

**२७. समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत र नियुक्त गर्ने :-**

(क) ऐनको दफा ६२ को उपदफा (२) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञलाई सूचीकृत गर्नको लागि स्थानीय बालअधिकार समितिले एक्काइस दिनको म्याद दिई स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक सञ्चार माध्यमद्वारा सार्वजनिक सूचना जारी गरी त्यस्ता सूचना स्थानीय तहको सूचना पाटीमा टाँस गरी वेबसाइटमा समेत राख्ने ।

(ख) उपबुँदा (क) बमोजिम जारी गरिएका सूचना अनुसार देहाय बमोजिमको योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले सोही सूचनाले तोकेका कागजात तथा व्यक्तिगत विवरणसहित स्थानीय बालअधिकार समितिमा सूचीकृत हुन निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) असल चरित्र भएको,

(घ) समाजसेवीको रूपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा एक महिना तालिम प्राप्त गरेको,

(ङ) बालमनोविज्ञको रूपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको र मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको ।

(ग) उपबुँदा (ख) बमोजिमको निवेदन र कागजात जाँच गर्दा योग्यता पुगेका निवेदकलाई समाजसेवी वा बालमनोविज्ञका रूपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गर्नेछ ।

(घ) उपबुँदा (ग) बमोजिम सूचीकृत समाजसेवी वा बाल मनोविज्ञलाई बाल संरक्षण सम्बन्धी कार्य र सेवा प्रवाहको कार्यभारको आधारमा स्थानीय बाल अधिकार समितिको सिफारिसमा स्थानीय तहले आवश्यक सङ्ख्यामा नियुक्त गर्न सकिनेछ।

(ङ) उपबुँदा (घ) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञको नियुक्ति प्रक्रिया र छनौटको आधार स्थानीय कानून बमोजिम हुनेछ।

(च) ऐन तथा यस नियमावलीमा उल्लिखित काम, कर्तव्यका अतिरिक्त बालबालिकाको हकहितसँग सरोकार राख्ने स्थानीय बाल अधिकार समितिले तोकेको काम समाजसेवी तथा बाल मनोविज्ञले गर्नेछन्।

(छ) उपबुँदा (घ) बमोजिम नियुक्त हुने समाजसेवी तथा बालमनोविज्ञको सेवाका शर्त तथा सुविधा स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद – छ

## बाल अधिकार समितिसम्बन्धी व्यवस्था

२८. **नगर बाल अधिकार समितिको गठनः** (१) ऐनको दफा ६० को उपदफा (२) बमोजिम नगरपालिकामा देहाय बमोजिमको नगर बाल अधिकार समिति रहनेछः-

(क) नगर उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक -सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख- सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(च) सामाजिक समावेशीकरण शाखा प्रमुख -सदस्य

(छ) नेपाल प्रहरी नगर तहको इकाइ प्रमुख वा तोकेको अधिकृतस्तरको प्रहरी -सदस्य

(ज) नगरपालिका बाल सञ्जालका एक बालक र एक बालिका प्रतिनिधि (दुई जना) -सदस्य

(झ) बालअधिकार र बाल न्यायका क्षेत्रका विज्ञ एक जना -सदस्य

(ञ) स्थानीय सञ्चारमाध्यम मध्येबाट एक जना -सदस्य

(ट) नगरमा रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरू मध्येबाट (महिला सहित) दुई जना -सदस्य

(ठ) स्थानीय तथा प्रदेशिक अस्पतालमा कार्यरत चिकित्सक प्रतिनिधि एक जना - सदस्य

(ड) बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाको प्रतिनिधित्व हुने गरी एक जना -सदस्य

(ढ) बाल हेल्पलाइन सेवा (१०९८) बाट एक जना -सदस्य

(ण) अपाङ्गता भएका, दलित तथा अन्य सीमान्तकृत समुदायका साथै बालबालिकाका क्षेत्रका विज्ञहरू मध्येबाट एक जना सदस्य

(त) नगर प्रमुख र उपप्रमुखको सहमतिले तोकेको महिला वडा सदस्य दुई जना - सदस्य

(थ) रोजगार संयोजक -सदस्य

(द) बाल कल्याण अधिकारी -सदस्य-सचिव

(२) बुँदा (१) को खण्ड (ज) बमोजिम मनोनित सदस्यको पदावधी चार वर्ष हुनेछ र नगरपालिकाले पुनः एकपटकका लागि पदावधि थप गर्न सक्नेछ । कुनैपनि सदस्य लगातार ३ वटा बैठकमा अनुपस्थित भएमा त्यस्तो सदस्यको सदस्यता समितिले निर्णय गरी सदस्यताबाट हटाइ नयाँ सदस्य थप गर्न सक्ने छ ।

(३) उपबुँदा (१) को खण्ड (ज) बमोजिम मनोनित सदस्यको उमेर १८ वर्ष पूरा भएमा स्वतः पदावधी समाप्त हुनेछ ।

२९. **समितिको काम, कर्तव्य र अधिकारः** नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तय गर्ने तथा नगरपालिकामा वार्षिक योजना तथा बजेट पेश गर्ने,

(ख) बाल अधिकारसम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) टोखा नगरपालिकाभित्र सञ्चालित बालबालिकासम्बन्धी सेवा तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सम्बन्धित सञ्चालक, व्यवस्थापक तथा सरोकारवालाहरूलाई सुझाव दिने,

(घ) टोखा नगरपालिकाभित्र हुन सक्ने बालबालिका विरुद्धको हिंसा र बालयौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण गर्ने,

(ङ) श्रमिक बालबालिका, सडक बालबालिका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनर्स्थापना र व्यवस्थापन गर्ने गराउने,

(च) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र संवर्धन एवं वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र अनुगमन गर्ने,

(छ) नगरभित्रका बाल क्लब तथा संस्था दर्ता एवं बाल सञ्जाल गठन तथा पुनर्गठनका लागि आवश्यक सहजीकरण तथा व्यवस्थापन गर्ने,

(ज) नगरपालिकामा सेवा प्रदान गर्न इच्छुक बालमनोविज्ञ एवं समाज सेवीको सूचीकरण गर्ने,

(झ) नगरभित्र सञ्चालनमा रहेका सूचीकृत बाल गृह, बाल संरक्षण गृह, पुनर्स्थापना केन्द्र, बाल हेल्पलाइन तथा वैकल्पिक हेरचाह प्रदान गर्ने संस्था, बाल अधिकार तथा बालसंरक्षणका क्षेत्रमा कार्य गर्ने सामाजिक संस्थाको सूची तयार गर्ने र आवश्यता अनुसार नियुक्ति, परिचालन र सहकार्य गर्ने,

(ञ) नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका बाल गृह, बाल संरक्षण गृह, पुनर्स्थापना केन्द्र, बाल हेल्पलाइन तथा वैकल्पिक हेरचाह प्रदान गर्ने संस्था, शिशु स्याहार केन्द्र, विद्यालय, प्रारम्भिक बालविकास केन्द्रमा बाल संरक्षण तथा बालअधिकार अनुगमन तथा आवश्यक परेमा कार्वाही सिफारिस गर्ने,

(ट) नगरपालिकाभित्रका वडा, विद्यालय, टोल, समुदाय, सामाजिक संस्था, बाल गृह, स्वास्थ्य संस्था, अस्थायी संरक्षण सेवा, शिशु स्याहार केन्द्र, प्रारम्भिक बालविकास केन्द्र, पुनर्स्थापना केन्द्र, यातायात घर तथा परिवारलाई बालमैत्री बनाउन आवश्यक बाल संरक्षण मापदण्ड तर्जुमा गर्ने तथा लागू गर्न आवश्यक सहजीकरण गर्ने,

(ठ) सङ्घीय तथा प्रदेश सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरू लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गर्न सहजीकरण गर्ने,

(ड) बालअधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ढ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी स्थानीय तहको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ण) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरण गर्ने गराउने,

(त) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने,

(थ) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि प्रदेश बाल अधिकार समिति तथा परिषद्सँग समन्वय र सहकार्य गर्ने,

(द) नगरपालिका एवं प्रचलित कानुनबाट बालअधिकार संरक्षण तथा संवर्धनमा निर्देशित अन्य कार्यहरू गर्ने गराउने ।

(ध) बालबालिका राष्ट्रिय गौरव हुन्, बालबालिका शान्ति क्षेत्र हुन्, बालमैत्र स्थानीय शासन, बालश्रम मुक्त स्थानीय तह, पोषणमैत्री स्थानीय तह, खुल्ला दिशामुक्त स्थानीय तह, बालविवाह मुक्त स्थानीय तह, वातावरणमैत्री स्थानीय तहलगायतका सबै बालबालिकासँग सम्बन्धित अभियानका विषयमा यसै समितिले कार्यक्रम गर्ने र व्यवस्थापन गर्नेछ।

३०. **समितिको बैठकः**

(क) नगर बालअधिकार समितिको बैठक प्रत्येक दुई महिनामा बस्नेछ तर आवश्यकता अनुसार जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(घ) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सामाजिक विकास समितिका संयोजकले र सामाजिक विकास समितिका संयोजक अनुपस्थित भएमा उपलब्ध सदस्यहरूमध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(ङ) समितिको बैठकमा आवश्यकता अनुसार नगरपालिका भित्रका विषयगत शाखाका प्रमुखहरू, बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(च) समितिको निर्णय समितिका अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राखिनेछ।

(छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**३१ उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछः**

(क) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रूपले सञ्चालन गर्नको निमित्त बाल अधिकार समिति सदस्यको संयोजकत्वमा आवश्यकता अनुसारका सदस्यहरू रहने गरी उपसमिति गठन गर्न सक्नेछ।

(ख) समितिका सदस्य-सचिवले तत्काल कुनै कार्य गर्नका लागि समिति सदस्यको संयोजकत्वमा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ। यस्तो कार्य टोलीले बाल अधिकारका मापदण्ड अनुसार कार्य गर्नुपर्नेछ।

(ग) उपबुँदा (क) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३२. **वडा बाल अधिकार समिति गठन गर्न सक्नेः** (१) नगरपालिकाका प्रत्येक वडामा बाल अधिकारको संरक्षण, प्रवर्धन र संवर्धनका लागि देहाय बमोजिमको वडा बाल अधिकार समिति गठन गरिने छ :-

(क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य - संयोजक

(ख) वडाभित्र रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षक मध्येबाट एक जना - सदस्य

(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख - सदस्य

(घ) महिला स्वास्थ्य स्वयमूसेवीका मध्येबाट एक जना -सदस्य

(ङ) वडास्तरीय बाल सञ्जालका एक बालक र एक बालिका प्रतिनिधि -सदस्य

(च) सम्बन्धित वडा क्षेत्राधिकार रहेको प्रहरी इकाइको प्रमुख वा प्रतिनिधि -सदस्य

(छ) बाल अधिकार तथा सामाजिक कार्यमा क्रियाशील व्यक्तिमध्येबाट वडा अध्यक्षले मनोनयन गरेको एक महिला सहित दुई जना -सदस्य

(ज) विद्यालय नर्स - सदस्य

(झ) वडा सचिव - सदस्य-सचिव

(२) उपबुँदा (१) को (घ) बमोजिम मनोनित सदस्य १८ वर्ष उमेर पूरा भएको अवस्थामा पदावधी स्वतः समाप्त हुनेछ।

(३) उपबुँदा (१) को (घ) बमोजिम मनोनित सदस्यलाई मतविभाजनको समयमा मतदान गर्ने अधिकार रहनेछैन।

**३३. वडा बाल अधिकार समितिको बैठकः–**

(क) वडा बाल अधिकार समितिको बैठक प्रत्येक चार महिनामा एक पटक बस्नेछ। आवश्यकता अनुसार थप बैठक बस्न कुनै पनि बाधा पर्ने छैन।

(ख) वडा बाल अधिकार समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) वडा बाल अधिकार समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ। बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ।

(घ) वडा बाल अधिकार समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्य वा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(ङ) वडा बाल अधिकार समितिको बैठकमा आवश्यकताअनुसार बाल अधिकार तथा बाल संरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(च) वडा बाल अधिकार समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राखिनेछ।

(छ) वडा बाल अधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३४. **वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार**ः वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडामा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, सडक बालबालिका तथा श्रमिक बालबालिका र जोखिममा रहेका बालबालिकाको पहिचान गरी आवश्यक संरक्षण, सहायता, उद्धार, पुनर्स्थापनाका लागि नगर बाल अधिकार समितिमा जानकारी गराउने,

(ख) वडा तहमा बालबालिकाको तथ्याङ्क सङ्कलन, अद्यावधिक र अभिलेखीकरण गर्ने तथा समितिमा पेश गर्ने,

(ग) वडास्तरीय बाल सञ्जालको गठन, सञ्चालन तथा पुनर्गठनका लागि सहजीकरण गर्ने,

(घ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत निकाय, सामाजिक संस्था, बैकल्पिक हेरचाह प्रदान गर्न सूचीकृत संस्था, बाल गृह, पुनर्स्थापना केन्द्र एवं बाल क्लब लगायतको विवरण तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको प्रवर्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने, गराउने,

(ङ) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी सम्बन्धित निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने,

(च) वडा क्षेत्रलाई बालमैत्री बनाउन, वडाभित्र बाल अधिकारको संरक्षण, प्रवर्द्धन र संवर्धनका निमित्त चेतना अभिवृद्धि, जागरण अभियान सञ्चालन गर्ने, बालबालिकासम्बन्धी दिवसहरू मनाउने तथा सो सन्दर्भमा बालबालिकाको निम्ति रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरू गर्ने, गराउने,

(छ) वडामा बालबालिकासम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(ज) वडाको योजना निर्माणको चरणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न आवश्यक सहजीकरण गर्ने,

(झ) वडा बाल अधिकार समितिका बैठकका निर्णयहरू एवं सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख दुरुस्त र सुरक्षित राख्ने,

(ञ) वडा भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्न आवश्यक सहजीकरण तथा अनुगमन गर्ने,

(ट) नगर बाल अधिकार समिति तथा प्रदेश एवं संघीय कानुनबाट निर्देशित बालबालिका सम्बन्धी अन्य कार्यहरू गर्ने/गराउने,

(ठ) वडालाई बालमैत्री, पोषणमैत्री, बालश्रम मुक्त, बालविवाह मुक्त, खुल्ला दिशामुक्त, वातावरणमैत्री लगायतका कार्य गर्नका लागि काम गर्ने ।

## परिच्छेद – सात

## बाल संरक्षण सेवासम्बन्धी व्यवस्था

३५. **सार्वजनिक सूचना जारी गर्नेः–** (१) नगरपालिकाले बाल संरक्षणसम्बन्धी सेवाहरूको व्यवस्थापनका लागि देहाय बमोजिमका संयन्त्रहरूको सूचीकरणका लागि २१ दिनको सार्वजनिक सूचना जारी गर्नेछ :-

(क) बालबालिकालाई वैकल्पिक हेरचाहमा संरक्षण सेवा प्रदान गर्न चाहने व्यक्ति वा परिवार

(ख) परिषद्बाट सञ्चालन अनुमति प्राप्त परिवारमा आधारित हेरचाह गर्ने संस्था, बाल गृह र अस्थायी संरक्षण सेवा

(ग) नेपाल सरकारको स्वीकृतिमा परिषद्बाट सञ्चालन अनुमति प्राप्त अस्थायी संरक्षण सेवा वा पुनःस्थापना केन्द्र,

(घ) बाल हेल्पलाइन सेवा (१०९८) सञ्चालन गर्ने,

(ङ) नगरक्षेत्रभित्र बालश्रम, बाल संरक्षण तथा बालअधिकार संरक्षण तथा संवर्द्धनमा क्रियाशील संस्था

(२) उपबुँदा (१) बमोजिमको संयन्त्रहरूको सूचीकरणका लागि नगरपालिकाले राष्ट्रिय पत्रपत्रिका वा स्थानीय पत्रपत्रिका वा वेवसाइट वा सूचना पाटीमार्फत सूचना जारी गर्न सक्नेछ।

३६. **सूचीकरणका लागि निवेदन दिनुपर्ने :–** (१) बुँदा (३५) (क) अनुसारको व्यक्ति वा परिवारलाई नगरपालिकाले सूचीकरणका लागि निवेदन दिनुपर्नेछ। यस्तो व्यक्ति वा परिवारलाई सूचीकृत भए पछि अनुसूची-११ बमोजिमको ढाँचामा सूचीकृत भएको प्रमाणपत्र दिनुपर्नेछ।

(२) बुँदा ३५ को सूचना अनुसार बुँदा ३५ को उपबुँदा (१) को खण्ड (क) (ख), (ग) र (घ) बमोजिमको संयन्त्रहरूले नगरपालिकामा सूचीकरण हुनका लागि अनुसूची ९ बमोजिम उल्लेखित ढाँचामा निवेदन दिनुपर्नेछः-

(३) बुँदा ३५को सूचना अनुसार बुँदा ३५ को उपबुँदा (१) को खण्ड (ङ) बमोजिमको संस्थाले नगरपालिकामा प्रचलित ऐन अनुसार सूचीकरण हुन सक्नेछ।

(४) बुँदा (१) र (२) बमोजिमको निवेदन दर्ता गर्दा नगरपालिकाले तोकेबमोजिमको शुल्क लिन सक्नेछ। तर, उपबुँदा (१) को खण्ड (ङ) बमोजिमको संस्था नगरपालिकामा सूचीकृत भइसकेको अवस्थामा त्यस्तो शुल्क लिइनेछैन।

३७. **बाल संरक्षण संयन्त्रको सूचीकरणः–**

(क) नगरपालिकाको सूचीकरण गर्न तोकेको शाखाले यस कार्यविधिको बुँदा ३५ को उपबुँदा (१), (२) र (३) बमोजिम प्राप्त निवेदनहरूको लेखाजोखा गरी उल्लेखित कागजात पेश गरेको अवस्थामा सम्बन्धित संस्था तथा संरक्षण सेवाको सूचीकरण गरी सो को जानकारी नगर बालअधिकार समितिलाई दिनेछ।

(ख) उपबुँदा (क) बमोजिम नगरमा सूचीकरण भएका बाल संरक्षण सेवा प्रदायक संस्था तथा व्यक्तिको लेखाजोखा गरी बाल संरक्षण सेवा प्रदायकको रूपमा आबद्ध गर्नका लागि उपयुक्त रहे/नरहेको व्यहोरा खुलाई स्थानीय बाल अधिकार समिति समक्ष लेखाजोखा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ग) उपबुँदा (ख) बमोजिमको प्रतिवेदनका आधारमा स्थानीय बाल अधिकार समितिको निर्णयले निवेदक संस्था तथा बाल संरक्षण संयन्त्रहरूको आबद्धता गरिनेछ।

३८. **बाल संरक्षण सेवाको आबद्धता अद्यावधिक गर्नुपर्नेः–** बुँदा ३५ बमोजिम आवद्ध भएका बाल संरक्षण सेवा प्रदायकहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगर बालअधिकार समितिमा आबद्धता अद्यावधिक गर्नका लागि अनुसूची १३ मा उल्लेख भए अनुसारका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ

**३९. वैकल्पिक हेरचाह तथा अस्थायी संरक्षण सेवाको लागि अनुदान उपलब्ध गराउन सक्नेः-**

(क) बुँदा ३५ बमोजिम आबद्धता भएका अस्थायी संरक्षण सेवा प्रदायक व्यक्ति, परिवार र संस्थासँग नगरपालिकाले वार्षिक कार्यसम्पादन सम्झौता गरी नगरपालिकाले उद्धार गरी वैकल्पिक हेरचाह तथा अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको लागि सिफारिस गरिएका बालबालिकालाई नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमको सेवा प्रदानका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा समितिले तोकेबमोजिमको रकम उपलब्ध गराउन सक्नेछ।

(ख) उपबुँदा (क) बमोजिमको अनुदान उपलब्ध गराउँदा नगरपालिकाले त्यस्ता सेवा प्रदायक संस्थाले प्राप्त गर्ने अनुदानमा संघ वा प्रदेशबाट समेत अनुदान प्राप्त भए/नभएको सम्बन्धमा दोहोरोपना नभएको यकिन गर्नुपर्नेछ।

**४०. समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण र नियुक्ति गर्नेः-**

(क) समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ।

(ख) नियमावलीको नियम ८३ बमोजिम नियुक्त समाजसेवी तथा बालमनोविज्ञको सेवाको शर्त अनुसूची १४ मा उल्लेख भए बमोजिम हुनेछः-

**४१. बालबालिका खोजतलास सेवा** (१०४) **सँग समन्वय र सहकार्य गरिनेः-** (१) हराएका, वेवारिसे फेला परेका, बेचबिखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा श्रममा संलग्न बालबालिकाको खोजी, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि नगर बाल अधिकार समितिले बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गर्नेछ।

(२) बालबालिका खोजतलास सेवाको सवलीकरणका लागि काठमाडौँमा सञ्चालनमा रहेको बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) को प्रभावकारिता अभिवृद्धिका लागि वार्षिक कार्यक्रम मार्फत सहकार्य गर्न सक्नेछ।

## परिच्छेद – आठ

## बाल संरक्षण सेवाको अनुगमन

४२. **नगरपालिकाभित्र सञ्चालनमा रहेका बाल गृहहरूको अनुगमन तथा नियमन राष्ट्रिय बाल अधिकार परिषद्को बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसार गरिनेछ।**

४३. **नगरपालिकाभित्रका आवासीय बाल गृहहरूको अनुगमन तथा नियमन बाल गृहका अतिरिक्त देहायका बाल संरक्षण संयन्त्र तथा सेवाहरूको अनुगमन गर्न सक्नेछ :**

(क) वैकल्पिक हेरचाह सेवा प्रदान गरिरहेका बालबालिकाको आफन्त वा नातेदार र नगरपालिकामा सूचीकृत व्यक्ति वा परिवार,

(ख) नगरपालिकामा सूचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्था

(ग) नगरपालिकामा सूचीकृत अस्थायी संरक्षण सेवा तथा पुनर्स्थापना केन्द्र

४४. **नगरपालिकाभित्रका आवासीय बाल गृहहरूको अनुगमन तथा नियमन गर्दा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था अनुसूची १४ बमोजिम अनुगमन गरिनेछ।**

४५. **विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्था अनुगमन अनुसूची १५ बमोजिमका आधारहरू निर्धारण गरी गरिने छ।**

४६. **दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुधारको अवस्था अनुगमन अनुसूची १६ मा उल्लेखित आधारहरूमा निर्धारण गरी गरिनेछ।**

**४७. अनुगमन खर्च व्यवस्थापनः-**

(क) यस कार्यविधि बमोजिमको अनुगमन कार्यका लागि अनुगमनकर्ताको भ्रमण भत्ता, खाना, खाजा र यातायात खर्चको व्यवस्थापन नगरपालिकाको वार्षिक कार्यक्रममार्फत गरिनेछ।

**४८. अनुगमन प्रतिवेदन र कारवाहीः**

(क) यस कार्यविधि बमोजिम अनुगमन गरिएका बाल संरक्षण सेवाहरूको अनुगमन टोलीले अनुगमन प्रतिवेदन निर्माण गरी प्रतिवेदनमा अनुगमन टोलीका सबै सदस्यहरूले हस्ताक्षर गरी नगर बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ।

(ख) उपबुँदा (क) प्रतिवेदन निर्माणका लागि बाल संरक्षण सेवाहरूको अनुगमन गर्दा अनुगमन चेकलिस्टमा अनुगमन गर्दाका बखत नै विवरणहरू अभिलेखीकरण गर्नुपर्नेछ।

(ग) उपबुँदा (ख) बमोजिमको अनुगमन प्रतिवेदन अध्ययन गरी नगर बाल अधिकार समितिले प्रतिवेदनले सुझाएका विषयहरूको सम्बोधन गर्नेछ।

(घ) प्रतिवेदनमा परिवारमा आधारित संस्था वा बाल गृह वा अस्थायी संरक्षण सेवाले मापदण्ड पूरा नगरेको पाइएमा बढीमा २ महिनासम्मको अवधि दिई मापदण्ड पूरा गर्नका लागि नगर बालअधिकार समितिले निर्देशन दिन सक्नेछ।

(ङ) उपबुँदा (घ) बमोजिमको निर्देशन पालना भए/नभएको विषयको अनुगमनका लागि तोकिएको अवधि सम्पन्न भए पश्चात् अनुगमन टोली वा नगर बालअधिकार समिति आफैंले अनुगमन गर्न सक्नेछ र उक्त अवधिमा समेत निर्देशन पालना नभएको पाइएमा त्यस्ता बाल संरक्षण सेवा प्रदायकहरूको सञ्चालन अनुमति खारेजीका लागि देहाय बमोजिमको कागजातहरू संलग्न गरी परिषद्मा सिफारिस गर्नेछः

(क) सञ्चालन अनुमति खारेजीका लागि सिफारिस पत्र

(ख) बाल अधिकार समितिको निर्णयको प्रतिलिपि

(ग) अनुगमन प्रतिवेदन

(च) उपबुँदा (क) बमोजिमको अनुगमन प्रतिवेदनका आधारमा बाल संरक्षण सेवा प्रदायकमा बालबालिका विरुद्धको कसूर भएको पाइएमा अनुगमन प्रतिवेदनले गरेको सिफारिस समेतका आधारमा त्यस्ता व्यक्ति वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा नगर बालअधिकार समितिले उजुरी दिन सक्नेछ।

(छ) यस दफा बमोजिमको अनुगमन प्रतिवेदनहरूको आधारमा वैकल्पिक हेरचाहमा भएका रहेका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षा तथा स्वास्थ्यको अवस्था लगायतको विषयहरू समावेश भएको एकीकृत प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक छ महिनामा नगर बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, परिषद् तथा मन्त्रालयमा पठाउनु पर्नेछ।

(ज) उपबुँदा (छ) बमोजिम नगर बाल अधिकार समितिले प्राप्त गरेको एकीकृत प्रतिवेदनका आधारमा कुनै बालबालिकाले वैकल्पिक स्याहार प्रदायकबाट उचित संरक्षण नपाएको देखिएमा नियमावलीको नियम ६१ बमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई कारवाहीका लागि वा संरक्षक परिवर्तनका लागि सम्बन्धित निकायमा निवेदन दिनेछ।

(झ) अनुगमन गर्दाका बखत मापदण्ड पूरा गरी सञ्चालनमा रहेका संरक्षण सेवा संयन्त्रलाई अनुगमन गर्दा मापदण्ड पूरा गरी सञ्चालनमा रहेको जानकारी पत्र नगर बालअधिकार समितिले उपलब्ध गराउनेछ।

(ञ) वैकल्पिक हेरचाहसम्बन्धी कुनैपनि कार्य गर्दा उल्लिखित बुँदाहरूका अतिरिक्त राष्ट्रिय बाल अधिकार परिषद्को बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसार कार्य गरिने छ।

## परिच्छेद – नौँ

## बालमैत्री स्थानीय शासन समिति

४९. **टोखा नगरपालिकामा बालमैत्री स्थानीय शासनसँग सम्बद्ध समितिहरू**

नेपाल सरकारले २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने लक्ष्य राखेसँगै यस कार्यमा टोखा नगरपालिकाले पनि बालमैत्री शासन प्रक्रिया अवलम्बन गरी कार्य गरिरहेको छ। टोखा नगरपालिकामा बालमैत्री स्थानीय शासन प्रवर्द्धन र संवर्धनका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ का आधारमा निम्नअनुसार समितिहरू निर्माण गरी सक्रियताका साथ काम गरिनेछ।

**बालमैत्री स्थानीय शासन नगर समितिः**

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) वडा अध्यक्ष (सबै) - सदस्य

(ङ) नगर कार्यपालिका सदस्य (सबै) - सदस्य

(च) नगरपालिकाका शाखा प्रमुखहरू (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैर सरकारी संस्था समन्वय) - सदस्य

(छ) महिला/बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारीमध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना - सदस्य

(ज) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य

(झ) नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य

(ञ) नगरपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) - सदस्य

(ट) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय समुदायिक संस्था वा समूह मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य

(ठ) नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय प्रमुख (१ जना) - सदस्य

(ड) बाल कल्याण अधिकारी - सदस्य-सचिव

**५०. नगर बालमैत्री स्थानीय शासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तय गर्ने तथा नगरपालिकामा वार्षिक योजना तथा बजेट पेश गर्ने,

(ख) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्ने,

(ग) टोखा नगरपालिकाभित्र सञ्चालित बालमैत्रीसम्बन्धी सेवा तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सम्बन्धित विषयमा सुझाव दिने,

(घ) टोखा नगरपालिकाभित्र बालमैत्री स्थानीय सूचकको कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला व्यक्ति, संस्था तथा निकायसँग समन्वय र सहकारी गरी काम गर्ने,

(ङ) नगरपालिकालाई बालश्रम मुक्त बनाउने र बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने,

(च) नगरपालिकालाई बालविवाह मुक्त स्थानीय तह निर्माण गरी घोषणा गर्ने,

(छ) नगरपालिकामा भएका सबै सरकारी तथा निजी कार्यालयहरूमा स्तनपान कक्षको निर्माण गर्ने वा गराउने,

(ज) नगरभित्रका बाल क्लब तथा संस्था दर्ता एवं बाल सञ्जाल गठन तथा पुनर्गठनका लागि आवश्यक सहजीकरण तथा व्यवस्थापन गर्ने,

(झ) नगरपालिकाभित्रका वडा, विद्यालय, टोल, समुदाय, सामाजिक संस्था, बाल गृह, स्वास्थ्य संस्था, अस्थायी संरक्षण सेवा, शिशु स्याहार केन्द्र, प्रारम्भिक बालविकास केन्द्र, पुनर्स्थापना केन्द्र, यातायात घर तथा परिवारलाई बालमैत्री बनाउन आवश्यक बाल संरक्षण मापदण्ड तर्जुमा गर्ने तथा लागू गर्न आवश्यक सहजीकरण गर्ने,

(ट) संघीय तथा प्रदेश सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरू लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गर्न सहजीकरण गर्ने,

(ठ) बालअधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ड) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी स्थानीय तहको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ढ) बालबालिका राष्ट्रिय गौरव, बालबालिका शान्ति क्षेत्र, बालमैत्री स्थानीय शासन, बालश्रम मुक्त स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, खुल्ला दिशामुक्त स्थानीय तह, बालविवाह मुक्त स्थानीय तह, वातावरणमैत्री स्थानीय तह घोषणा लगायतका सबै बालबालिकासँग सम्बन्धित अभियानका विषयमा यस समितिले कार्यक्रम गर्ने र व्यवस्थापन गर्नेछ।

५१. **समितिको बैठकः**

(क) नगर बालमैत्री स्थानीय समितिको बैठक वर्षमा एक पटक बस्नेछ। तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(घ) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सामाजिक विकास समितिका संयोजकले र सामाजिक विकास समितिका संयोजक अनुपस्थित भएमा उपलब्ध सदस्यहरूमध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(ङ) समितिको बैठकमा आवश्यकता अनुसार नगरपालिका भित्रका विषयगत शाखाका प्रमुखहरू, बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(च) समितिको निर्णय समितिका अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ।

(छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५२. **बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समिति** : बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सहजीकरणका उद्देश्यका कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको व्यवस्था गरेको छ । स्थानीय तहको वार्षिक योजनामा समावेश तथा बालमैत्री स्थानीय शासनलाई प्रवर्धन गर्ने विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको देहायका सदस्य रहने कार्यक्रम कार्यान्वयन सहजीकरण समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत, संयोजक

(ख) सामाजिक समावेशीकरण शाखा प्रमुख, सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख, सदस्य

(घ) शिक्षा शाखा प्रमुख, सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख, सदस्य

(च) कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख, सदस्य

(छ) वातावरण एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख, सदस्य

(ज) साझेदार गैर सरकारी संस्थाको प्रतिनिधि, (१ जना) सदस्य

(झ) स्थानीय बाल सञ्जालबाट दुईजना (बालक १ र बालिका १) प्रतिनिधि सदस्य

(ञ) बाल क्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि) सदस्य

(ट) स्थानीय विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकले तोकेको एक जना, सदस्य

(ठ) बालमैत्री सम्पर्क शाखाको प्रमुख वा निजले तोकेको व्यक्ति सदस्य-सचिव

५३. बालमैत्री स्थानीय शासन वडा समितिको कार्य बाल अधिकार समितिले गर्ने छ।

५४. बालमैत्री स्थानीय शासन कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बालमैत्री स्थानीय शासनका वार्षिक कार्यक्रम कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ख) साझेदार संस्थाबाट हुने लगानीलाई सूचक प्राप्तिको लागि एकीकृत योजना बनाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ग) बालमैत्री स्थानीय शासनका लागि स्रोत तथा लगानी क्षेत्र खोजी गरी सिफारिस गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको सार्थक सहभागिताको सुनिश्चित गर्ने,

(ङ) सूचक प्राप्तीको अवस्था विश्लेषण गर्ने तथा प्राप्तीको लागि मार्गदर्शन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको कार्ययोजना बनाई सोको कार्यान्वयन र अनुगमन गर्ने,

(छ) बालमैत्री स्थानीय शासन अवलम्बनदेखि घोषणासम्मको अवधिको प्रगति समीक्षा तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने ।

५५. **बालमैत्री स्थानीय शासन वडा समिति** : वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा समिति सदस्य (सबै) - सदस्य

(ग) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (१ जना) - सदस्य

(घ) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (२ जना) - सदस्य

(ङ) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) - सदस्य

(च) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट १ जना - सदस्य

(छ) वडास्तरीय बाल संजालका प्रतिनिधि १ जना बालिकासहित २ जना - सदस्य

(ज) वडा सचिव - सदस्य–सचिव

**५६. बाल मैत्री स्थानीय शासन वडा समितिको काम, कर्तव्य र अधिकार**

(क) बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको योजना तयारी गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्ने,

(ख) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ग) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने,

(घ) बाल क्लब गठन तथा परिचालनमा सहयोग गर्ने,

(ङ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् सामाजिक संघसंस्था र समूहबीच आवश्यक समन्वय गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने ।

**५७. बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति**

(क) वडा समितिले तोकेको वडा सदस्य -अध्यक्ष

(ख) नगरपालिका वडा समितिमा सूचीकृत टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरू (२ जना) - सदस्य

(ग) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरू (३ जना) - सदस्य

(घ) समुदायमा रहेका बाल समूहका अध्यक्षहरू - सदस्य

**५८. बालमैत्री स्थानीय शासन समुदायस्तरीय समितिको काम, कर्तव्य र अधिकार**

(क) बालमैत्री स्थानीय शासन सम्बन्धी बस्तीस्तरको योजना तयार गर्न सहयोग गर्ने,

(ख) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको लागि आवश्यक पैरवी गर्ने,

(ग) बाल अधिकारको प्रवर्द्धन हुने क्रियाकलाप तथा अभियानहरूमा सहयोग गर्ने,

(घ) समुदायस्तरमा बाल क्लब/बालसमूह गठन र परिचालनमा सहयोग गर्ने, आदि ।

५९. बालमैत्री स्थानीय शासनका सूचकहरू अनुसूची १८ अनुसार (नगरपालिकाले स्थानीयकरण गरेको) हुनेछ ।

## परिच्छेद .– दश

## बाल क्लब र बाल सञ्जालसम्बन्धी व्यवस्था

**६०. बाल क्लब र बाल सञ्जालको गठन, काम, कर्तव्य र अधिकार** :

(क) नगरपालिका भित्रका प्रत्येक माध्यमिक विद्यालयमा एक बाल क्लब गठन गरिनेछ। विद्यालयका इच्छुक विद्यार्थीहरू यसमा सदस्य

रहनेछन् । बालबालिकाको भेलाबाट बाल क्लबको बढिमा २१ सदस्यीय कार्यसमितिको चयन हुनेछ जसमा कम्तिमा ५० प्रतिशत बालिकासहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिनेछ।

(ख) बाल क्लबको गठन तथा अधावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियानपछि एक महिनाभित्र गरी, संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस र सम्बन्धित वडाको सिफारिस समेतको आधारमा नयाँ बाल क्लबलाई दर्ता र पुरानाको नवीकरण गरिनेछ। नगरपालिकाले रितपूर्वक आएका बाल क्लबहरूलाई अनुसूची ४ अनुसार दर्ता गरी दर्ता प्रमाणपत्र र बाल क्लबको विधान बालकल्याण अधिकारीबाट प्रमाणित गरिने छ।

(ग) समुदाय स्तरमा पनि बालबालिकाले आवश्यकता महसुस गरी समुदायस्तरका बालबालिका भेला गराइ समावेशी आधारमा बाल क्लब गठन गर्न सकिनेछ।

(घ) विद्यालय र समुदायको हकमा बाल क्लबमा सदस्य हुनका लागि ८ वर्ष उमेर पूरा भई १८ वर्ष उमेर पूरा नभएको हुनुपर्नेछ। कक्षाको हकमा कक्षा ३ बाट सुरु भएको हुनेछ।

(ङ) समुदायको हकमा बालबालिकाको भेलाले बढीमा ९ वा ७ जनाको कार्यसमिति बनाउने र साधारण सदस्य आवश्यकताका आधारमा राख्न सकिनेछ र संरक्षक तोकि एक महिना भित्र नगरपालिकाको सम्बन्धित शाखामा दर्ता गरिनेछ।

(च) बाल क्लबले बालबालिकाको अधिकारका विषयमा वकालतका अतिरिक्त शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन्।

(छ) बाल क्लबको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बाल क्लबले विभिन्न उप- समितिहरू निर्माण गर्न सक्नेछ।

**६१. बाल क्लब वा बाल सञ्जालको बैठक आयोजना निम्नानुसार हुनेछ।**

(क) सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समय कम्तिमा २ महिनाको एक पटक बैठक बस्नुपर्नेछ। आवश्यकता अनुसार थप बैठक बस्न सकिनेछ।

(ख) नियमित बैठक तथा छलफलका विषयहरू वैठक हुनुभन्दा ३ दिन अगावै पठाउनु पर्नेछ।

(अ) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

(आ) बैठक सामान्यतया अधिकतम २ (दुई) घण्टाभन्दा बढी समय बस्ने छैन।

(इ) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) गरी राख्नु पर्नेछ।

(ई) **बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछ** :

(१) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(२) बाल क्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा

(३) स्थानीय बालअधिकारको विद्यमान सवाल र गर्नुपर्ने गतिविधि

(४) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र स्रोत सङ्कलन तथा आवश्यकता अनुसार अन्य विषयहरू।

**६२. बाल सञ्जाल गठन :**

(क) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सिर्जना गर्न बाल सञ्जालको गठन गर्न सकिनेछ।

(ख) बाल सञ्जाल नगरपालिका स्तर र वडा स्तरमा हुनेछन्।

(ग) बाल सञ्जाल गठन गर्नका लागि (नगरपालिका र वडा) तहमा बाल क्लबहरूका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नु पर्नेछ।

(घ) बाल सञ्जालको पहिचानका लागि परिचय-पत्र उपलब्ध गराईनेछ।

(ङ) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ। सूचनामा देहायका विषयवस्तु समेटिएको हुनुपर्नेछ :

(अ) भेलाको मिति, समय र स्थान,

(आ) भेलामा छलफल हुने विषयहरू,

(इ) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबको प्रतिनिधि संख्या (जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेतको आधारमा)

(ई) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(उ) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिने, नहुने सेवा र सुविधा तथा अन्य आवश्यक विषयवस्तुको बारेमा पूर्व जानकारी दिनु पर्नेछ।

(च) बाल सञ्जालको वैठक प्रत्येक २ महिनामा एक पटक गर्नुपर्नेछ।

६३. बाल क्लब प्रतिनिधिहरूले भेलामा सहभागी हुन अनुसूची १९ अनुसारका शर्त पूरा गर्नु पर्नेछ।

## परिच्छेद – एघार

## बाल कोषसम्बन्धी व्यवस्था

६४. **बाल कोषको स्थापनाः–** (१) नगरपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएका र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, शैक्षिक प्रबन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना समेत गराउने कामका लागि ऐनको दफा ६३ बमोजिमको एक बाल कोषको स्थापना गरिनेछ।

(२) उपबुँदा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाले कोषको लागि विनियोजन गरेको रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अदालतबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) बुँदा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ।

(४) कोषको रकम देहायका कामको लागि उपयोग गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको पहिचान गर्ने, गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई संरक्षण गर्न वा अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको शैक्षिक प्रबन्ध, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न, गराउन,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी, परिवार सहायता, परिवार सुदृढीकरण, बालबालिकालाई परिवारमा पुनर्मिलन तथा पुनःस्थापना गर्न, गराउन,

(च) यस कार्यविधि बमोजिमको बाल संरक्षण सेवाको अनुगमन सम्बन्धी कार्य गर्न,

(छ) अदालतको आदेशानुसार स्थानीय तहभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन,

(ज) खण्ड (क) देखि (छ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न, गराउन ।

(५) समितिको बैठक भत्ता, खाजा, भ्रमण, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

तर उपबुँदा ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६५. **बाल कोष सञ्चालक समितिः** (क) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक स्थानीय बाल कोष सञ्चालक समिति रहनेछः-

(क) नगर बाल अधिकार समितिका अध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समितिका संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) लेखा प्रमुख - सदस्य

(ङ) बाल कल्याण अधिकारी - सदस्य-सचिव

(ख) उपबुँदा (क) बमोजिमको बाल कोष सञ्चालक समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ, विषयगत शाखा प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

६६. **बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ-

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, नगर बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरूको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ग) कोषको रकमको संरक्षण गर्ने

(घ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ङ) सहयोगको आवश्यकता भएका बालबालिकालाई बाल कोषको प्रयोग र खर्चको सीमाको आधारमा सहयोग गर्ने,

(च) बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघसंस्था वा व्यक्तिसँग समन्वय गर्ने,

(छ) बाल कोष सञ्चालक समितिबाट गरिने क्रियाकलापको अनुगमन गर्ने वा गराउने,

(ज) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति बाल कोष सञ्चालक समितिले आवश्यक ठानेको अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

(२) आफ्नो काम, कर्तव्य तथा अधिकारको परिपालना गर्दा बाल कोष सञ्चालक समितिले नगरपालिका बालअधिकार समिति, वडा बालअधिकार समिति एवं बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक सङ्घसंस्था वा व्यक्तिसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

**६७. बाल कोष सञ्चालक समितिको बैठकः**

(क) बाल कोष सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) बाल कोष सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) बाल कोष सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ।

(घ) बाल कोष सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(ङ) बाल कोष सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । तर, कुनै कारणवस अध्यक्ष उपस्थित हुन नसकेमा सामाजिक विकास समितका संयोजकले वा निजको पनि अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले बाल कोष सञ्चालक समितिको अध्यक्षता गर्नेछ।

(च) बाल कोष सञ्चालक समितिले सर्वसम्मतिका आधारमा निर्णय गर्नेछ र सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई बाल कोष सञ्चालक समितिको निर्णय मानिनेछ। तर सदस्यहरूको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(छ) बैठकमा आमन्त्रित व्यक्ति वा विशेषज्ञको मताधिकार हुनेछैन।

(ज) बाल कोष सञ्चालक समितिको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नुपर्नेछ।

(झ) बाल कोष सञ्चालक समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**६८. बालकोष परिचालन सम्बन्धी मापदण्ड अनुसूची १९ अनुसार हुनेछ।**

**६९. बालकोषमा भएको रकमबाट निम्नानुसारका बालबालिकालाई आवश्यक सहायता प्रदान गर्न सकिनेछ।**

- हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका
- जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिका

- ऋणको कारण बन्धक बनाइ जबरजस्ती श्रममा लगाइएका बालबालिका
- शारीरिक वा मानसिक यातना तथा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित बालबालिका
- दुर्घटना वा प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिका
- बाबु वा आमा कारागार र हिरासतमा रहेका वा कसुरमा संलग्न भएकाले वेवारिसे अवस्थामा रहेका बालबालिका
- यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका बालबालिका
- हिंसाबाट प्रभावित तथा पीडित बालबालिका
- बाबुआमा वा आफन्तजनको संरक्षणबाट वञ्चित बालबालिका
- अपाङ्गता भएका बालबालिका
- बौद्धिक अपाङ्गता,अटिजम वा बहु अपाङ्गता भएका कारण उचित हेरचाह तथा संरक्षणबाट वञ्चित बालबालिका
- अपहरण वा शारीरिक बन्धकमा परेका बालबालिका
- सडकमा बसोबास गर्ने बालबालिका
- एचआईभी/एड्स संक्रमित बालबालिका तथा गम्भीर मानसिक समस्याबाट ग्रस्त आमाबुबाका कारण वेवारिसे बनेका बालबालिका
- नगरपालिकाको बाल कल्याण अधिकारी वा बाल संरक्षण समितिले पहिचान गरेका अन्य जोखिममा रहेका बालबालिका ।

७०. **बाल कोष रकमको खर्च सीमाः** (१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका, जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रू.१२ हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सहित मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वापत सूचीकृत अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग कार्यसम्पादन सम्झौता गरी प्रति बालबालिका प्रति महिना मासिक रू. ८ हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रू. १० हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) गम्भीर प्रकृतिको रोग लागेका बालबालिकाको उपचारका लागि स्थानीय बालकोष सञ्चालक समितिको निर्णयले अधिक्तम रु. २५ हजारसम्म

(२) सहयोग रकम नगद वा जिन्सीका रूपमा दिन सकिनेछ र नगद सहयोग गर्दा चेक मार्फत सहयोग रकम भुक्तानी गरिनेछ।

(३) बालकोषबाट सामान्यतः एक बालक वा बालिका वा उनको परिवारलाई एकपटक मात्र सहयोग गरिनेछ। तर, विशेष परिस्थितिमा भने समितिको निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिनेछ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा र तत्काल बाल कोष सञ्चालक समितिको वैठक बस्न सम्भव नभएमा उपलब्ध समितिका सदस्यहरू मध्ये दुईजनासँग परामर्श

गरी निजहरूको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त रु. १०,०००।- दश हजारसम्म सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कोषबाट रकम उपलब्ध गराइएकोमा त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनुपर्नेछ।

(६) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकाको स्वास्थ्य उपचारको लागि अन्यत्रबाट व्यवस्थापन हुन नसक्ने देखिएमा र पारिवारिक आर्थिक पृष्ठभूमि कमजोर रहेको वा वेवारिसे बालबालिका रहेको पाइएमा तथा सहयोगबाट वञ्चित हुँदा बालबालिकाको जीवन नै जोखिममा पर्ने अवस्था रहेको देखिएमा बालकोष सञ्चालक समितिले बालबालिका उपचाररत रहेको सरकारी अस्पतालको कागजात र विल भरपाईको आधारमा सम्पूर्ण वास्तिविक खर्च नै उपलब्ध गराउन सक्नेछ।

(८) बालकोष सञ्चालक समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, शैक्षिक प्रबन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ।

७१. **खाताको सञ्चालनः-**

(क) स्थानीय बालकोष तथा वडास्तरीय बालकोषको रकम कोष तथा लेखा नियन्त्रण कार्यालयको विविध खाता अन्तर्गत कार्यक्रमिक खाता खोली जम्मा गर्नुपर्नेछ।

(ख) उपबुँदा (क) बमोजिम खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

७२. **कोषको लेखा र लेखा परीक्षणः-** स्थानीय बाल कोषको आयव्ययको लेखा नगरपालिकाले अपनाएको प्रचलित कानून बमोजिम दुरुस्त राखिनेछ।

७३. **रकम फ्रिज नहुनेः–** प्रचलित कानूनमा जेसुकै लेखिएको भए तापनि स्थानीय बाल कोष तथा वडास्तरीय बाल कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा बक्यौता रकम फ्रिज हुनेछैन ।

७४. **प्रतिवेदन प्रकाशन गर्नुपर्नेः–**

(क) बाल कोष सञ्चालक समितिले आफूले गरेको कामको प्रतिवेदन अर्धवार्षिक रूपमा नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(ख) उपबुँदा (क) बमोजिमको प्रतिवेदनको आधारमा नगर कार्यपालिकाले वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

७५. **बालकोषको सचिवालयः–** बाल कोषको सचिवालय नगर कार्यपालिकाको सामाजिक समावेशीकरण शाखामा रहनेछ ।

## परिच्छेद – बाह्र

## बालबालिकाको तथ्याङ्क व्यवस्थापन तथा स्थिति प्रतिवेदन

७६. **बालबालिकाको खण्डीकृत तथ्याङ्क व्यवस्थापन गरिनेः** (१) नगरपालिकाले आफ्नो नगरपालिका भित्र रहेका बाल अधिकार तथा बालबालिका सम्बन्धी विषयमा देहाय बमोजिमको खण्डीकृत सूचना सङ्कलन तथा व्यवस्थापन गर्नेछः-

(क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरूको सूचना सङ्कलन

(ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरूको सूचना

(ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण

(घ) बालबालिकाको खण्डीकृत जनसाङ्ख्यिक विवरण

(ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण

(च) बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी विवरण

(छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण

(ज) अपाङ्गता भएका बालबालिका अपाङ्गताको विविधतासहितको अवस्था सम्बन्धी विवरण

(झ) बाल स्वास्थ्य सम्बन्धी विवरण

(ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण

(ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिमका)

(ठ) वैकल्पिक स्याहारमा रहेका बालबालिकाको विवरण

(ड) स्थानीय तहमा रहेका बाल गृह, पुनःस्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरू र आश्रित बालबालिकाको विवरण

(ढ) सडक बालबालिका सम्बन्धी विवरण

(ण) बालबालिका लक्षित लागुपदार्थ दुर्व्यसनी उपचार र पुनर्स्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण

(त) बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण

(थ) विपद्बाट पीडित तथा प्रभावित बालबालिकाको विवरण

(२) उपबुँदा (१) बमोजिमको सूचना सङ्कलन तथा व्यवस्थापनका लागि बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाइनेछ।

(३) उपबुँदा (१) बमोजिमको सूचना सङ्कलन तथा व्यवस्थापनका लागि नगरपालिकाको सम्बन्धित विषयगत शाखा  नेपाल प्रहरी तथा परिषद् लगायतका सरोकारवालाहरूसँग समन्वय गरिनेछ।

(४) उपबुँदा (१) बमोजिमको सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेखीकरणका लागि परिषद्ले निर्माण गरेको बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (CRIMS) को प्रयोग गरिनेछ।

(५) उपबुँदा (१) बमोजिमको तथ्याङ्कहरूको प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र र असार मसान्तभित्र गरी दुई पटक अद्यावधिक गरिनेछ।

(६) बालकल्याण अधिकारीले यस दफा बमोजिम सङ्कलन गरिएको तथ्याङ्कहरूको एकीकृत प्रतिवेदन प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ।

७७. **बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन गरिनेः** (१) नगरपालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरूको व्यवस्थापन सम्बन्धी सूचनाहरूको अभिलेखीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमका घटनाहरूको व्यवस्थापन प्रकृियालाई अनलाइन माध्यमबाट अभिलेखीकरण गर्नका लागि परिषद्ले निर्माण गरेको बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणाली (CPIMS) को प्रयोग गरिनेछ।

(३) नगरपालिकामा आएका बालसंरक्षण सम्बन्धी घटनाहरू बालकल्याण अधिकारीसमक्ष प्राप्त हुने वित्तिकै त्यस्ता बालबालिकाको घटना व्यवस्थापन प्रक्रिया सम्बन्धी देहाय बमोजिमका सूचनाहरूको अभिलेखीकरण गरिनेछः-

(क) बालबालिकाको व्यक्तिगत विवरण

(ख) बालबालिकाको पारिवारिक विवरण

(ग) घटना सम्बन्धी विवरण

(घ) बालबालिका तथा पारिवारिक लेखाजोखा सम्बन्धी विवरण

(ङ) बालबालिकालाई प्रदान गरिएको सेवा प्रवाह सम्बन्धी विवरण

(च) सहयोगका लागि सिफारिस गरिएका संयन्त्र तथा सेवाहरूको विवरण

(छ) समापन गरिएका घटनाहरूको विवरण

(४) उपदफा (३) बमोजिमको विवरणका आधारमा प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ।

**७८. बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन गरिनेः-**

(क) स्थानीय बाल अधिकार समितिमा प्राप्त तथ्याङ्कहरूको आधारमा स्थानीय बाल अधिकार समितिले नगरपालिकामा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ।

(ख) उपबुँदा (क) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा प्रकाशन गर्नुपर्नेछ।

(ग) उपबुँदा (क) बमोजिमको प्रतिवेदन प्रकाशन गर्नुपूर्व कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ।

## परिच्छेद – तेह्र

## विविध

**७९. खारेजी र बचाउः-**

(क) नगरपालिकाको देहाय बमोजिमको कार्यविधि तथा मापदण्डहरू खारेज गरिएको छः-

(अ) बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७८

(आ) बाल अधिकार समितिको गठन तथा परिचालन सम्बन्धी कार्यविधि- २०७७

**८०. व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगर बाल अधिकार समितिको सिफारिसमा नगर कार्यपालिकालाई हुनेछ।

**८१. संशोधन गर्न सक्नेः** यस कार्यविधिलाई नगर सभाले आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूचीहरू

## अनुसूची १

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिका

(बुँदा ३ को "ढ" सँग सम्बन्धित बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८)

१) देहायका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछन् :-

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ ।

## अनुसूची २

## बैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिका

१) बालबालिका सम्बन्धी ऐनको दफा ४९ अनुसार वैकल्पिक हेरचाहको व्यवस्था निम्नानुसारका बालबालिकाका लागि आवश्यकताको पहिचानका आधारमा गर्नु पर्छ।

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(२) उपदफा (१) बमोजिमको बालबालिकालाई देहायको प्राथमिकताको आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछः-

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) बाल गृह,

(ङ) वैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## अनुसूची ३

## बालबालिकाको संरक्षणसम्बन्धी व्यवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५० अनुसार बालबालिकाको संरक्षण निम्न अनुसार गरिनेछ ।

(१) कुनै ठाउँमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका रहे भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना बालकल्याण अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा बालकल्याण अधिकारीले त्यस्तो बालबालिकाको तत्काल उद्धार गर्नु पर्ने देखेमा उद्धार गरी ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त सूचनाको आधारमा बालकल्याण अधिकारीले जाँचबुझ तथा छानबिन गरी आवश्यक सेवाको व्यवस्था गर्न सक्नेछ ।

(४) बालकल्याण अधिकारीले उपदफा (३) बमोजिमको आवश्यक सेवा प्रदान गर्न तोकिए बमोजिमको समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नु पर्नेछ । त्यसरी विशेष संरक्षण गर्न आवश्यक नदेखिएमा र निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा बालकल्याण अधिकारीले त्यस्तो बालबालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बालकल्याण अधिकारीले बालबालिकालाई निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकलाई जिम्मा लगाउनको लागि कुनै सहयोग गर्नु पर्ने देखेमा सम्बद्ध निकायसँग समन्वय गरी सहयोग प्रायोजन वा परिवार सहयोग जस्ता आवश्यक सेवाको व्यवस्था मिलाउनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि,-

(क) "सहयोग प्रायोजन" भन्नाले कुनै व्यक्ति, संघ, संस्था वा निकायद्वारा बालबालिकालाई आवश्यक पालन पोषण तथा शिक्षाको लागि दीर्घकालीन तथा अल्पकालीन रूपमा आर्थिक सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(ख) "परिवार सहयोग" भन्नाले बालबालिकाको परिवारलाई विखण्डनतर्फ लैजाने आर्थिक तथा सामाजिक कारणको पहिचान र निराकरण गरी त्यसबाट परिवारको एकता तथा सौहार्दता कायम गराउँदै सम्बन्धित परिवारभित्रैबाट बालबालिकाको संरक्षण हुने वातावरण सिर्जना गर्न गरिने सहयोग सम्झनु पर्छ।

(७) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा वैकल्पिक हेरचाहको आवश्यकता भएको देखिएमा बाल कल्याण अधिकारीले बैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेछ।

(८) बालबालिका पीडित भएको मुद्दामा पीडित बालबालिकाले चाहेमा वा बाबुआमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिली बालबालिका थप जोखिममा पर्ने सम्भावना देखिएमा वा घटनाको छानबिन, कारबाही तथा सत्य तथ्य बुझ्न बाधा पर्ने देखिएमा बालकल्याण अधिकारीले त्यस्ता पीडित बालबालिकालाई बाबुआमा वा परिवारबाट समेत निश्चित अवधिका लागि अलग गराई अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(९) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा बालबालिकाको पितृत्व र मातृत्वको ठेगान नलागेको पाइएमा बाल कल्याण अधिकारीले निजको जन्म दर्ता तथा पहिचान खुल्ने सरकारी परिचयपत्रको लागि सिफारिस गरिदिनु पर्नेछ।

## अनुसूची-४

## बाल क्लब तथा बाल सञ्जाल दर्ता

**टोखा नगरपालिका**

**काठमाडौँ जिल्ला**

**बागमती प्रदेश**

**नेपाल**

**बाल क्लब/बाल सञ्जाल दर्ता प्रमाण-पत्र**

दर्ता नं.- मितिः-

श्री....................बाल क्लब/बाल सञ्जाल

ठेगाना .......... ।

काठमाडौँ जिल्ला टोखा नगरपालिकाको ...... नं. वडाको ...................... विद्यालय/समुदायमा आधारित ................. बाल क्लब/बाल सञ्जाललाई यस नगरपालिकाको बाल अधिकार संरक्षण सम्बन्धी एकीकृत कार्यविधि, २०८२ अनुसार सामाजिक समावेशीकरण शाखामा दर्ता गरी प्रमाण-पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, प्रवर्धन र संवर्धन कार्यमा यस नगरपालिकाको बाल अधिकार संरक्षणसम्बन्धी कार्यविधि, २०८२ नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिकासम्बन्धी विद्यमान कानूनहरूको अधिनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौँ ।

प्रमाणित गर्ने

दस्तखतः

नाम :

पद :

## अनुसूची – ५

## बाल क्लब वा बाल सञ्जाल दर्ता प्रमाण–पत्र लिन दिइने निवेदनको ढाँचा

मितिः

श्री ....................................

.......................... ।

**विषयः– बालक्बल वा बाल सञ्जाल दर्ता सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा टोखा नगरपालिका वडा नं......टोल ............. स्थित बाल क्लब/बाल सञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्धनसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न हामी ........ जना सम्मिलित हुनेगरी .................... नामक बाल क्लब/बाल सञ्जाल दर्ता गर्न इच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी यस नगरपालिकाको बाल अधिकार संरक्षणसम्बन्धी कार्यविधि, २०८२ बमोजिम उल्लेखित बाल क्लब/बाल सञ्जाल दर्ता गरिदिनु हुन अनुरोध छ।

**संलग्न गरिएका कागजातहरू**

१. बाल क्लब/बाल सञ्जालमा आबद्ध सदस्य तथा पदसम्बन्धी विवरण
२. बाल क्लब/बाल सञ्जाल दर्ता गर्न चाहने बालबालिकाले बाल क्लबको विधान, बाल क्लब दर्ताको लागि बसेको बैठकको बैठक पुस्तिकाको प्रतिलिपि, पदाधिकारीको जन्मदर्ताको प्रतिलिपि, अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र।

दस्तखत :

नाम :

पद :

## अनुसूची– ६

## टोखा नगरपालिकाको बालसंरक्षणसम्बन्धी आचारसंहिता

## (परिच्छेद चारको बुँदा १८ सँग सम्बन्धित)

टोखा नगरपालिकाको पदाधिकारीहरू तथा बालबालिकाको सम्पर्कमा रहने कर्मचारी तथा अन्य व्यक्तिहरूले यो आचारसंहिताको पालना र निम्नानुसारका कामहरू अनिवार्य गर्नुपर्दछ :

१. बालबालिका सम्बन्धी ऐनको दफा ६६ अनुसारको बालबालिकामाथि हुने कसूरहरूका विषयमा जानकारी लिने र सो अनुसार कुनैपनि बालबालिकामाथि उक्त क्रियाकलाप नगर्ने र यस्ता कसूरजन्य कार्य गर्नेलाई कानुनी दायरामा ल्याउने र दफा ७२ अनुसारको कारवाहीको व्यवस्था गर्न सहजीकरण गर्ने,

२. बालबालिकासँग सम्बन्धित विषयमा स्पष्ट जानकारी प्रदान गर्ने र बाल अधिकारका विषयमा सचेत  रहने र गराउने,

३. बालबालिका र विद्यालयलाई सदैव शान्ति क्षेत्रका रूपमा कायम राख्ने र कुनै पनि राजनीतिक गतिविधिमा बालबालिका र विद्यालयलाई सङ्लग्न नगराउने,

४. कुनैपनि बालबालिकालाई उसको अविभावक वा विद्यालयको अनुमति बिना कार्यक्रमहरूमा जबर्जस्ती वा ढाँटछल गरेर सहभागी गराउनुहुँदैन।

५. बालबालिकालाई घरभन्दा टाढा रात बस्ने गरी कार्यक्रममा सहभागी गराउँदा सकेसम्म समान लैङ्गिक संरक्षकलाई साथमा पठाउनुपर्दछ।

६. सुरक्षित बाटो वा स्थानहरूमा बालबालिका सहभागी हुन गइरहेका छन् भने उक्त जानकारी सहजकर्तालाई दिनुपर्दछ र आवश्यक भएमा संरक्षकको रूपमा सहभागी हुनुपर्दछ।

७. बालबालिकासँग काम गर्दा कुनैपनि खतरा वा जोखिम कम हुने कार्यस्थलको छनोट गर्ने, कार्ययोजना बनाउने र व्यवस्थापन गर्ने काम गर्नुपर्दछ।

८. यदि कुनै योजना, कार्यक्रम वा क्रियाकलापले बालबालिकालाई जोखिममा पार्ने प्रबल सम्भावना छ भने उल्लेखित कुराहरू रोक्नुपर्दछ। त्यसका बारेमा बालबालिका र सम्बन्धित सरोकारवालालाई पूर्व जानकारी गराउनुपर्दछ।

९. यदि बालबालिकामाथि कुनैपनि प्रकारको समस्या आईपरेमा त्यसको समाधानको लागि उनीहरू के चाहन्छन् ? उनीहरू आफै के गर्न चाहन्छन् ? र अरूबाट के-कस्तो सहयोग चाहन्छन् भन्ने बारेमा ती बालबालिकासँगै बसेर छलफल गर्ने र त्यही अनुसारको सहयोग जुटाउन सहजीकरण गर्नुपर्दछ।

१०. यौन दुर्व्यवहारबाट बच्न सकिने उपायहरू बालबालिकालाई सिकाउनुपर्दछ र यदि त्यस्ता घटनाहरू भईहालेमा रिपोर्टिङ गर्ने प्रक्रियाको बारेमा बालबालिका र उनीहरूका अभिभावकलाई जानकारी दिनुपर्दछ।

११. बालबालिकाले बाल दुर्व्यवहार सम्बन्धी कुनैपनि सवाल उठाई छलफल गर्न सकिने खुल्ला र सहज वातावरण तयार पार्ने,

१२. बालविवाहका साथै यस्ता अन्य परम्परागत हानिकारक अभ्यासहरू हुन नदिन र यसका विरुद्ध सम्बन्धित उजुरी तथा कारवाही प्रकृयामा कानूनी प्रक्रिया अपनाउन सहजीकरण गर्ने,

१३. बालश्रमिक नराख्ने र राख्ने व्यक्तिलाई कानुन बमोजिम सजाय दिने प्रक्रिया शुरुवात गरी सामाजिक वहिष्कार गर्ने ।

१४. बालबालिकाको पक्षमा निर्णय गर्दा, क्रियाकलाप गर्दा जहिलेपनि बालसंरक्षण र बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गर्नुपर्दछ।

१५. बालबालिकासँग सम्बन्धित सूचनाहरू गोप्य राख्नुपर्दछ र उनीहरूसँग छलफल गरेर, त्यसको फाइदा र बेफाइदा केलाएर मात्र आवश्यकतानुसार आवश्यक व्यक्ति, निकाय वा संस्थाहरूलाई जानकारी दिनुपर्दछ।

१६. बालबालिकासँग सम्बन्धित काम गर्दा योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, समीक्षा गर्ने र उपलब्धिको मापन गर्ने प्रक्रियामा बालबालिकालाई सहभागी गराउनुपर्दछ।

१७. बालबालिकालाई सकारात्मक काम गर्नका लागि उत्प्रेरणा मिल्ने, हौसला मिल्ने र खुशी लाग्ने व्यवहार वा क्रियाकलाप गनुपर्दछ।

१८. सबै बालबालिकालाई समान वा बराबर व्यवहार गर्नुपर्दछ। यदि कसैले बालबालिकाको संरक्षणमा बाधा पुऱ्याउने र उनीहरूलाई जोखिममा पार्ने काम गर्दैछ भने त्यस्ता क्रियाकलापहरूलाई निरुत्साहित गर्नुपर्दछ।

१९. नगरपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू र सामाजिक कार्यकर्ताहरूले गर्न नहुने कुराहरू :

१. अरूबाट टाढा वा एक्लै राखेर कुनैपनि बालबालिकासँग चाहिने भन्दा बढि समय बिताउने,

२. बालबालिकासँग शारीरिक सम्बन्ध वा यौन सम्बन्ध

३. कुट्ने, बालश्रमिक प्रयोग, शारीरिक वा मानसिक यातना दिने वा अन्य दुर्व्यवहार हुने खालको व्यवहार,

४. बालबालिकालाई पिट्ने,

५. बालबालिकालाई अप्ठेरो लाग्ने, मानसिक वा शारीरिक पीडा दिने किसिमका कुनैपनि यौनजन्य वा अन्य दुर्व्यवहार गर्नुहुँदैन र यौन आशय बोकेका कुनैपनि भाषा प्रयोग,

६. बालबालिकालाई यौन इच्छा जगाउने वा यौन क्रियाकलाप गर्न उत्प्रेरित गर्ने कुनैपनि व्यवहार गर्नु वा गर्न लगाउनु,

७. बालबालिकाको एकल फोटो वा चित्र, आर्थिक कोष जुटाउन वा प्रकाशित गर्न पाईने छैन। बालबालिकाका फोटोहरू दुरूपयोग गर्न पाईने छैन।

८. बालबालिकालाई अश्लिल फोटो, फिल्म, चित्र देखाउने,

९. बालबालिकालाई हिनताबोध हुने, लज्जित बनाउने, मनोभावनामा चोट पुग्ने कुनैपनि क्रियाकलाप, व्यवहार वा भाषा प्रयोग

१०. बिना संरक्षक बालबालिका (विशेष बालिकालाई) राती बास बसाउने,

११. बालबालिकालाई दुर्व्यसनतिर वा कुलततिर उत्प्रेरित गर्ने खालको क्रियाकलाप,

१२. बालविवाह र यसका भोज, भतेर वा कुनैपनि कार्यक्रममा सहभागी,

१३. बालबालिकालाई श्रमिकको रूपमा राख्ने, उनीहरूको क्षमता भन्दा बढि काम लगाउने, विद्यालय नपठाउने, स्वास्थ्य स्थितिमा ख्याल नगर्ने,

१४. बालबालिकासँग सम्बन्धित सूचना वा जानकारीहरू उनिहरूको इच्छा र हित विपरीत बाहिर ल्याउने,

१५. एक बालबालिकालाई अर्को बालबालिकासँग तुलना गरेर बोल्ने,

१६. बालबालिकालाई अपमानित गर्ने किसिमका उपनामहरू दिएर बोलाउने,

१७. कुनै बालबालिकालाई विशेष स्नेह, माया देखाउने र कुनै बालबालिकालाई वेवास्ता गर्ने किसिमको व्यवहार वा भाषा प्रयोग गर्ने,

१८. बालबालिकाले आफूलाई वा अरू बालबालिकालाई भएको दुर्व्यवहारको घटना बताउन लागेको बेला हाँस्ने वा भन्न रोकिदिने,

१९. बालबालिकाबाट हुनसक्ने गैह्रकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्नुहुँदैन,

२०. बालबालिकाको हित विपरीत हुने कुनैपनि निर्णय प्रक्रियामा सहभागी हुने,

२१. बालबालिकालाई जोखिममा पार्ने कुनैपनि क्रियाकलाप वा व्यवहार गर्ने ।

## अनुसूची – ७

**(बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ र दफा ७२ लगायत विद्यमान अन्य कानुन अनुसार)**

**बालबालिकामाथि हुने हिंसा र दुर्व्यवहार र सजायका व्यवस्था निम्नानुसार रहेका छन्ः–**

- धुम्रपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराएमा,
- बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराएमा,
- घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गरेमा,
- शारीरिक चोटपटक वा असर पुऱ्याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गरेमा,
- बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाएमा,
- एक्ल्याउने वा मानसिक पीडा दिएमा,
- विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताएमा वा कष्ट दिएमा,
- कानून बमोजिम बाहेक बाल गृहमा राखेमा,
- बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गरेमा,
- बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गरेमा,

– **पचास हजारसम्म जरिवाना र एक वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको छ।**

***(बालबालिका सम्बन्धी ऐन, २०७५)***

- राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गरेमा,
- सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाएमा,
- जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराएमा,
- भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाएमा वा समर्पण गरेमा,
- परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाएमा,
- जादू वा सर्कसमा लगाएमा,
- बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गरे वा गराएमा,
- औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गरेमा,
- अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गरेमा वा बाल अश्लिलता प्रदर्शन गरे वा गराएमा,
- बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गरेमा, भण्डारण गरे वा त्यस्ता सामग्री प्रयोग गरेमा,
- यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गरेमा, फकाएमा, दबाब दिए वा धम्काएमा, यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गरेमा, चुम्बन गरेमा, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाएमा वा

यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गरे वा गर्न लगाएमा, कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गरे वा गराएमा,

- यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गरेमा,

**– पचहत्तर हजारसम्म जरिबाना र तीन वर्षसम्म कैद सजायको व्यवस्था रहेको छ।**

***बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ र दफा ७२***

- अश्लिल कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने गरेमा

**असी हजारसम्म जरिबाना र चार वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको छ।**

***बालबालिका सम्बन्धी ऐन, २०७५***

- अठार वर्ष उमेर पूरा नभएका बालबालिकालाई गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने, क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने कार्य गरेमा

***– एक लाख रुपैयाँसम्म जरिबाना र पाँच वर्षसम्म कैदको सजाय हुने व्यवस्था रहेको छ।***

***बालबालिका सम्बन्धी ऐन, २०७५***

- प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने कार्य गरेमा,

***– पाँच लाख रुपैयाँसम्म जरिबाना र दश वर्षसम्म कैदको सजाय हुनेछ।***

***बालबालिका सम्बन्धी ऐन, २०७५***

- यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने, वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने कार्य गरेमा,

***– एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना र पन्ध्रवर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको छ।***

– ***बालबालिका सम्बन्धी ऐन, २०७५***

- यदि कसैले बालबालिकामाथि जबर्जस्तीकरणी गरेको प्रमाणित भएमा जन्मकैदसम्म हुन सक्छ र यस्तो किसिमको अपराध भएको खण्डमा १८ वर्ष उमेर पूरा भएको मितिले तीन वर्ष भित्र उजुरी दिई सक्नु पर्ने हुन्छ।

***– मुलुकी अपराध संहिता, २०७४***

- कसैले पनि बालबालिकाको मन्जुरी लिई वा नलिई यौनजन्य तथा अस्वभाविक व्यवहार गर्नु हुँदैन, यस्तो गरे गराएमा

***– ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुन्छ।***

*- मुलुकी अपराध संहिता, २०७४*

- बालविवाह गर्ने गराउनेलाई

***- ३ वर्षसम्म कैद र ७५ हजार रुपैयाँसम्म जरिवाना हुन्छ।***

***(बालबालिका सम्बन्धी ऐन, २०७५)***

- यदि कुनै व्यक्तिले कुनै पनि प्रकारको विद्युतीय अपराध गरेको प्रमाणित भएमा ***एक लाख रुपैयाँ जरिवाना तथा ५ वर्ष कैद वा दुवै सजाय हुन सक्छ। (विद्युतीय कारोवार ऐन, २०६३)***
- शारीरिक तथा मानसिक दण्ड सजाय दिने व्यक्तिलाई

***- एक वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना गरी पीडित बालबालिकालाई क्षतिपूर्ति समेत दिलाई दिने व्यवस्था कानूनमा गरिएको छ। (बालबालिका सम्बन्धी ऐन, २०७५)***

- बालबालिकालाई हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गर्ने वा गराउनेलाई ***एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।***

***(मुलुकी अपराध संहिता, २०७४)***

- मानव बेचबिखन गर्ने व्यक्तिलाई

*- २० वर्षसम्म कैद र २ लाख रुपैयाँसम्म जरिवाना हुन्छ।*

*(मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४*

- चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाएमा,

*– तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।*

*– बाल श्रम (निषेध र नियमन) ऐन, २०५६ संसोधन २०७५*

- बालकलाई कुनै पनि जोखिमपूर्ण व्यवसाय वा काममा लगाएमा, कसैले पनि बालबालिकालाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाएमा

*- एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।*

*– बाल श्रम (निषेध र नियमन) ऐन, २०५६ संसोधन २०७५*

## अनुसूची ८

## .......... बाल क्लब/बाल सञ्जाल .................. को गठन तथा कार्य संचालन विधान, २०८२

**प्रस्तावनाः**

राष्ट्र निर्माणको लागि बालबालिकाको समेत भूमिका महत्त्वपूर्ण हुने भएकोले उनीहरूको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले यस बाल संरक्षणसम्बन्धी एकीकृत कार्यविधि, २०८२ र बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ देखि १० सम्मको प्रावधानको कार्यान्वयनका निम्ति यो विधान तर्जुमा गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : यस विधानको नाम "बाल क्लब/बाल सञ्जालको विधान, २०८२" रहने छ। यो पारित भएको मितिबाट लागू हुनेछ।

२. कार्यालय : यस विधान बमोजिम गठित .............. बाल क्लब/बाल सञ्जालको कार्यालय ............... जिल्ला टोखा न.पा............ वडा नं. ........ स्थित रहनेछ।

३. ठेगाना : यस बाल क्लब/बाल सञ्जालको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः ..........................................

४. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) "बाल क्लब/बाल सञ्जाल" भन्नाले बालबालिकाले खोलेका संस्था, बालबालिकाको समूह, बाल क्लब समूह र यी बाल क्लबहरूको समुदाय, वडा र पालिकास्तरको सञ्जाललाई जनाउने छ । यो बाल क्लब/बाल सञ्जाल टोखा नगरपालिकामा दर्ता भएको बाल क्लब/बाल सञ्जाललाई जनाउनेछ।

(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनको लागि १८ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई जनाउनेछ।

५. उद्देश्यः यस बाल क्लब/बाल सञ्जालको देहाय बमोजिमका उद्देश्य रहनेछन् ः

(क) बालबालिकाको सहभागिताको अधिकारको प्रवर्द्धन र संवर्द्धन गर्ने,

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउने,

(ग) बाल क्लब/बाल सञ्जालको विस्तार र सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने ।

६. बाल क्लब/बाल सञ्जालको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन्ः-

(क) बाल क्लब/बाल सञ्जालको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ख) बालबालिकाको हक, हित र अधिकारको प्रवर्द्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ग) विद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्ने,

(घ) स्थानीय तह वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बाल क्लब वा संस्थामार्फत सामुहिक धारणा राख्ने,

(ङ) बाल क्लब/बाल सञ्जालको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,

(च) बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

(छ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता वा विभिन्न जात, जाति, धर्म सम्प्रदायको बीचको सु-सम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

(ज) कुनै राजनीतिक दलसँग आबद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र विरोध गर्न नहुने,

(झ) स्थानीय कानूनले तोकेका अन्य काम र कर्तव्यको पालना गर्ने ।

७. बाल क्लब/बाल सञ्जालको गठन :

७.१ बाल क्लब/बाल सञ्जालको गठन समूहका साधारण सदस्यहरूको साधारण सभाबाट हुने निर्वाचन प्रक्रियाबाट हुनेछ । यस बाल क्लब/बाल सञ्जालको कार्य गर्न समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्ः

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : २ जना (एक बालक, एक बालिका)

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : घटिमा २ जना र बढिमा ९ जनासम्म

(छ) सल्लाहकार : आवश्यकतानुसार

(ज) संरक्षक : १ जना

(झ) कार्यसमिति बाहेक साधारण सदस्य आवश्यकता अनुसार थप गर्न सकिने छ ।

७.२ बाल क्लब/बाल सञ्जालको कार्य समितिको संरचना समावेशिताको आधारमा गठन हुनेछ ।

८. सल्लाहकार : बाल क्लब/बाल सञ्जालले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :

(क) पूर्व बाल क्लब/बाल सञ्जालको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरूका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरू रहने छन् ।

९. संरक्षक : बाल क्लब/बाल सञ्जालका संरक्षकमा संस्थालाई अभिभावकको रूपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था/ व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल क्लब/बाल सञ्जालको निर्णय अनुसार हुनेछ ।

९.१ विद्यालयमा एकजना शिक्षक संरक्षक रहनेछन् ।

१०. पदावधि : बाल क्लब/बाल सञ्जालको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लब/बाल सञ्जालले आफू मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

११. पदाधिकारीको काम, कर्तव्य र अधिकार : पदाधिकारीहरूको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

१. बाल क्लब/बाल सञ्जालको वैठक र साधारण सभाको अध्यक्षता ग्रहण गर्ने,

२. बाल क्लब/बाल सञ्जालको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने,

३. बाल क्लब/बाल सञ्जालको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने र राख्न लगाउने,

४. बाल क्लब/बाल सञ्जालको निर्णय र महिला तथा बालबालिका शाखा तथा बाल अधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५. बाल क्लब/बाल सञ्जालको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने,

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरिदिने,

७. सात दिनभन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने,

८. नगरपालिका तथा वडासँग समन्वय गरी वा अन्य संघसंस्था वा निकायहरूसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने,

९. तोकिएको अन्य कार्य गर्ने ।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

ग) सचिवको काम, कर्तव्य र अधिकार : सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ :

१. बाल क्लब/बाल सञ्जालको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

२. बालबालिका वा बाल क्लबसँग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने,

३. बाल क्लब/बाल सञ्जालको बैठकको निर्णय पुस्तिका लेख्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने,

४. बाल क्लब/बाल सञ्जालको प्रशासकीय कार्य गर्ने,

५. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने,

६. तोकिएको अन्य कार्य गर्ने ।

घ) सहसचिवको काम, कर्तव्य र अधिकार :

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।

२. तोकिएको अन्य कार्य गर्ने ।

ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

१. बाल क्लब/बाल सञ्जालले गर्ने कार्यक्रमको खर्च विवरण

तयारी गर्ने,

२. बाल क्लब/बाल सञ्जालको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने,

३. आर्थिक खर्च विवरण तयार गरी समूहको बैठकमा पेश गर्ने,

४. आर्थिक सहयोग जुटाउन सम्बन्धित निकाय (विद्यालय, वडा कार्यालय, बालबालिकासँग काम गर्ने संघसंस्था, नगरपालिका आदि) सँग समन्वय गरी व्यवस्थापन गर्ने,

५. बैठक र कार्यक्रमको लागि आवश्यक पर्ने आर्थिक व्यवस्थापनका लागि समन्वय गर्ने ।

च) सदस्यहरूको काम, कर्तव्य र अधिकार :

१. बैठकमा सक्रिय सहभागी हुने,

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने,

३. समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

४. तोकिएको कार्य गर्ने ।

१२. सदस्यता :

अ. सदस्यताको योग्यता : यस बाल क्लब/बाल सञ्जालमा देहायका बालबालिका सदस्य हुन पाउने छन् :

(क) बाल क्लबको सदस्यताका लागि उमेर कम्तिमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको

(ख) समूहको निर्देशिकामा जानकार हुने ।

आ. सदस्यताको खारेजी :

(क) राजिनामा दिएमा

(ख) १८ वर्ष उमेर नाघेमा

(ग) मृत्यु भएमा

(घ) सदस्यता नवीकरण नभएमा

(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा

(च) लगातार तीन पटक विना सूचना बैठकमा अनुपस्थित भएमा

(छ) एकभन्दा बढी बाल क्लब/बाल सञ्जालको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

१३. आरक्षण : यस बाल क्लब/बाल सञ्जालमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।

१४. सदस्यता शुल्क तथा नवीकरण :

(क) बाल क्लबमा आबद्ध हुने बालबालिकाले कुनैपनि किसिमको सदस्यता शुल्क तिर्नुपर्दैन ।

(ख) समूहका सदस्यले आ-आफ्ना समूहमा हरेक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ ।

१५. बैठक : बाल क्लब/बाल सञ्जालले कम्तिमा २ महिनाको एक पटक बैठक बस्नु पर्नेछ । वैठकको गणपूरक संख्या ५१% को उपस्थितिलाई मानिनेछ। आवश्यकता अनुसार थप बैठक बस्न सकिनेछ ।

१६. निर्णय : बाल क्लबको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनसक्ने छ ।

*नोट : निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।*

१७. निर्वाचन : बाल क्लब/बाल सञ्जालले लोकतान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

१८. निर्वाचन अधिकृत : बाल क्लब/बाल सञ्जालले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ। सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

२०. प्रतिवेदन : बाल क्लब/बाल सञ्जालले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन सामाजिक समावेशीकरण शाखामा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गर्नु पर्नेछ ।

२१. संशोधन : यो विधान संशोधन गर्दा बाल क्लब/बाल सञ्जालको साधारण सभाको दुई तिहाई सदस्यहरूको बहुमतले विधान संशोधन प्रस्ताव पारित भई सामाजिक समावेशीकरण शाखाबाट स्वीकृत भएमा लागू हुनेछ।

२२. बचाउ : प्रस्तुत विधानमा उल्लिखित कुराहरू प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस विधानमा उल्लिखित कुराहरू स्वतः अमान्य हुनेछन्।

२३. बाल क्लब/बाल सञ्जालको खारेजी वा विघटन : कुनै कारणवश बाल क्लब/बाल सञ्जाल खारेजीमा परेमा वा विघटन हुन गएमा त्यसको सम्पूर्ण चल/अचल सम्पत्ति  नगरपालिकाको संरक्षणमा सर्नेछ।

२४. विविधः

१. साधारण सभा : बाल क्लब/बाल सञ्जालको साधारण सभा वर्षको एक पटक बस्नेछ। साधारण सभाको सूचना प्रत्येक सदस्यहरूलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ। साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरू निर्णयार्थ समूहले पेश गर्नेछ। साधारणसभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरूको ५१% को उपस्थितिलाई मानिनेछ।

२. कार्यविधि बनाउने : विधानको उद्देश्य प्राप्तीको लागि बाल क्लब/बाल सञ्जालले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरूको पनि गठन गर्न सक्नेछन्। यो समितिको कार्यविधि बाल क्लब/बाल सञ्जालले निर्धारण गर्नेछ।

३. संशोधन : बाल क्लब/बाल सञ्जालको विधान संशोधन गर्न परेमा विधान संशोधन प्रस्ताव क्लब वा सञ्जालको साधारण सभाको दुई तिहाई बहुमतको निर्णय भई स्वीकृत भएपछि मात्र लागू हुनेछ।

४. बाल क्लब/बाल सञ्जालले आफ्नो विधान एवं पदाधिकारी सदस्य सहितको नामावली सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

## अनुसूची १

बाल क्लब/बाल सञ्जालको छाप

(बाल क्लब/बाल सञ्जालको छापमा बाल क्लब वा सञ्जालको नाम, स्था. वर्ष र ठेगाना अनिवार्य रूपमा हुनुपर्नेछ)

## अनुसूची २

बाल क्लब/बाल सञ्जालका कार्यसमितिको विवरण

| क्र.सं | पद | नाम, थर | पूरा ठेगाना (न.पा, वडा र टोल) | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

नोट :

१. यस बमोजिम साधारण सदस्यहरू थप गर्न सकिने छ। बाल क्लब/बाल सञ्जालका साधारण सदस्यहरूले प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ।

३. बाल क्लब/बाल सञ्जालको विधान बमोजिम आबद्धता एवं सूचीकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्बन्धित न.पा. वा विद्यालय वा सम्बन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिस संलग्न हुनु पर्नेछ। सिफारिस साथ कार्यसमितिका सबै पदाधिकारीहरूको संयुक्त निवेदन स्थानीयतहमा पेश गर्नुपर्नेछ।

अनुसूची-३

दफा १६ को उपदफा (१) सँग सम्बन्धित

बाल क्लब वा संस्था दर्ताको निवेदन ढाँचा

मितिः ..........................

श्रीमान् शाखा प्रमुखज्यू

.........., टोखा नगरपालिका

............

**विषयः- बाल क्लब दर्ता गरिपाउँ ।**

उपर्युक्त सम्बन्धमा हामीले टोखानगरपालिका वडा नं.........अन्तर्गत ................विद्यालय/बस्तिमा बाल क्लब/सञ्जाल गठन गरेकोले उक्त बाल क्लब/सञ्जाललाई यस नगरपालिका अन्तर्गत दर्ता गरिदिनुहुनका लागि बाल भेलाको निर्णय प्रतिलिपि सहित बाल क्लबको विवरण तोकेको ढाँचामा पेश गरेका छौँ ।

......................................

नाम :

पद :

बाल क्लबको नामः

संलग्नः

**बाल क्लब दर्ता गर्न आवश्यक कागजात**

- बाल क्लब दर्ताको निवेदन
- पहिलो भेलाको निर्णयको माइन्युटको प्रतिलिपि
- सदस्यहरूको विवरण बाल क्लब/सञ्जालको विधान,
- पदाधिकारीको जन्मदर्ताको प्रतिलिपि
- बाल क्लब/सञ्जालको नाम :.........................

ठेगाना (विद्यालय भए सो को विवरण) :.........................

बाल क्लबको प्रकृति : समुदायमा आधारित/विद्यालयमा आधारित/ विशिष्टीकृत

| क्र.सं. | पद | पदाधिकारी तथा सदस्यको नाम | उमेर वा कक्षा | लिङ्ग | बसोबासको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची ९**

**कार्यविधिको बुँदा ३६ (ख) सँग सम्बन्धित**

**व्यक्ति, परिवार वा संस्थाले नगरपालिकामा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा**

मितिः २०../...../......

श्री नगर बाल अधिकार समिति,

टोखा नगरपालिका ।

मैजुहिटी ७, काठमाडौँ ।

**विषयः– वैकल्पिक स्यहारका लागि सूचीकरण गरिदिने बारे ।**

उपर्युक्त सम्बन्धमा नगरपालिकाको मिति २०../ ..../ .. गतेको सूचना तथा नगरपालिकाको बाल अधिकार संरक्षणसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम स्थानीय तहबाट उद्धार गरी वैकल्पिक स्याहारका लागि सिफारिस गरिएका बालबालिकालाई वैकल्पिक स्याहार सेवा उपलब्ध गराउन..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... स्थायी ठेगाना भएको..... ..... ..... ..... ..... को नाती/नातिनी ..... ..... ..... ..... को छोरा/छोरी वर्ष ........ को म ..... ..... ..... ..... ..... र मेरो परिवार इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

**निवेदकको**

दस्तखतः

नामः

फोन नः

**निवेदनसँगै संलग्न कागजातहरू**

- नागरिकताको प्रमाणित प्रतिलिपि
- पारिवारिक सदस्यहरूको विवरण
- घर तथा जग्गा-जमिन सम्बन्धी विवरण
- वार्षिक आम्दानी, खर्च र बचतको विवरण
- आम्दानीको स्रोत
- घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र
- शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट सङ्क्रमित नभएको र लागुपदार्थ दुर्व्यसन वा अन्य कूलतमा नलागेको खुलेको मान्यताप्राप्त चिकित्सकबाट सिफारिसपत्र ।

## अनुसूची–१०

**(बुँदा ३६ को उपबुँदा १ सँग सम्बन्धित)**

## अस्थायी संरक्षण सेवा वा बाल गृह वा पुनःस्थापना केन्द्रले सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

मितिः २०../...../......

श्री नगर बाल अधिकार समिति,

टोखा नगरपालिका ।

मैजुहिटी ७, काठमाडौँ ।

**विषयः– वैकल्पिक हेरचाह/ अस्थायी संरक्षण सेवा प्रबन्धका लागि सूचीकरण गरिदिने बारे ।**

उपर्युक्त सम्बन्धमा नगरपालिकाको मिति २०../ ../ .. गतेको सूचना तथा बाल अधिकार संरक्षणसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम स्थानीय तहबाट उद्धार गरी वैकल्पिक स्याहार/अस्थायी संरक्षण तथा पुनर्स्थापनाका लागि सिफारिस गरिएका बालबालिकालाई संरक्षण सेवाहरू उपलब्ध गराउन यस .... .... .... .... .... .... संस्था वैकल्पिक हेरचाह/अस्थायी संरक्षण/पुनर्स्थापना सेवा प्रदान गर्न इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

**निवेदक**

संस्थाको अध्यक्ष/प्रमुखको दस्तखतः

संस्थाको अध्यक्ष/प्रमुखको नाम र पदः

**निवेदनसँगै संलग्न कागजातहरू**

- सूचीकृत हुनका लागि निवेदन
- संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र
- परिषद्बाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण
- पुनःस्थापना केन्द्रको हकमा नेपाल सरकारको निर्णयले परिषद्बाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण
- संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण
- समाजकल्याण परिषद्को आबद्धता प्रमाणपत्रको प्रतिलिपि
- अनुमानित बजेट तथा आम्दानीका श्रोतहरूको सुनिश्चितता
- अस्थायी संरक्षणको विशिष्टिकृत क्षमताको जानकारी

## अनुसूची - ११

**(बुँदा ३६ (१) सँग सम्बन्धित)**

**अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बाल गृह सूचीकृत गरिएको प्रमाण-पत्रको ढाँचा**

**टोखा नगरपालिका**

**नगर बाल अधिकार समिति**

**टोखा, काठमाडौँ**

मितिः.... .... .... ....

अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बाल गृह सूचीकृत गरिएको प्रमाणपत्र

बागमती प्रदेश, काठमाडौँ जिल्ला टोखा नगरपालिका वडा नं........टोल....... स्थित कार्यालय रहेको श्री ........... संस्थालाई देहायको संरक्षण सेवाका लागि यस नगरपालिकाको बाल अधिकार संरक्षणसम्बन्धी कार्यविधि, २०८२ बमोजिम सूचीकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

**संरक्षण सेवाको प्रकारः**

१. अस्थायी संरक्षण सेवा

(क) लागुपदार्थ दुर्व्यसनी उपचार सहित बसडक बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ग) वेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा

(ङ) बाह्य देशबाट उद्धार गरिएका, बेचबिखन तथा ओसारपारमा परेका बालबालिकालाई उद्धार पछिको अस्थायी संरक्षण सेवा

(च) मापदण्ड विपरीत सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा

२. परिवारमा आधारित हेरचाह गर्ने संस्थाः

३. बाल गृहः

४. पुनःस्थापना केन्द्र दस्तखतः

नामः

पदः

## अनुसूची १२
**(बुँदा ३८ सँग सम्बन्धित)**
## नगर बालअधिकार समितिमा आबद्धता अद्यावधिक

बाल संरक्षण सेवा प्रदायकहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगर बालअधिकार समितिमा आबद्धता अद्यावधिक गर्नका लागि देहाय बमोजिमका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ।

(क) अघिल्लो आ.व. मा गरिएका बाल संरक्षण सेवा तथा कार्यक्रमको तथ्याङ्क विवरण

(ख) जिल्ला प्रशासन कार्यालयबाट नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) समाज कल्याण परिषद्को अद्यावधिक भएको आबद्धता प्रमाणपत्रको प्रतिलिपि

(घ) सम्बन्धित राजश्व कार्यालयबाट जारी भएको अघिल्लो आ.व.को कर चुक्ता पत्रको प्रतिलिपि

(ङ) परिषद्बाट नवीकरण भएको अनुमतीपत्रको प्रतिलिपि वा सिफारिस

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा लेखाजोखा गरी आबद्धता अद्यावधिक गर्न उपयुक्त रहेको नरहेको खुलाई बाल कल्याण अधिकारीले नगर बालअधिकार समितिमा प्रतिवेदन पेश गर्नेछ।

(३) उपदफा (२) को प्रतिवेदनको सिफारिस र नगर बाल अधिकार समितिको निर्णयको आधारमा नगरपालिकाले बाल संरक्षण संयन्त्रहरूको आबद्धता अद्यावधिक गर्नेछ।

## अनुसूची १३

**(बुँदा ४० (ख) सँग सम्बन्धित)**

**समाजसेवी तथा बालमनोविज्ञको सेवा शर्तहरू**

(क) अधिकारबाट वञ्चित भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेश गर्ने,

(ख) बालबालिकालाई प्रदान गर्नुपर्ने संरक्षण सेवा प्रवाहमा उच्चतम हित लेखाजोखा सम्बन्धी प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारी समक्ष पेश गर्ने,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने क्रममा इच्छुक परिवारका सदस्य वा नातेदार तथा व्यक्तिको लेखाजोखा गरी सामाजिक लेखाजोखा प्रतिवेदन पेश गर्ने,

(घ) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापनको क्रममा बालबालिकाको सर्वोत्तम हित हुनेगरी बाल कल्याण अधिकारीलाई राय/परामर्श उपलब्ध गराउने,

(ङ) बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने क्रममा पारिवारिक लेखाजोखा सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने,

(च) नगरपालिकाले तोकेका अन्य कार्यहरू सम्पादन गर्ने ।

(३) नगरपालिकाले नियुक्त गरिएको समाजसेवी तथा बालमनोविज्ञलाई उपदफा (२) बमोजिमको कार्यसम्पादनका लागि घटनाको प्रकृति तथा घटना व्यवस्थापन गर्न लाग्ने अनुमानित समयको आधारमा प्रति घटना नगर बालअधिकार समितिले तोकेको पारिश्रमिक समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।

## अनुसूची १४
### (बुँदा ४४ सँग सम्बन्धित)

**नगरपालिकाभित्रका आवासीय बाल गृहहरूको अनुगमन तथा नियमन गर्दा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था, देहाय बमोजिमको आधारमा गरिनेछ :-**

(क) बालबालिकासँग पारिवारिक सदस्यहरूको व्यवहार

(ख) बालबालिकाको मनोसामाजिक सहित स्वास्थ्य अवस्था

(ग) बालबालिकाको संरक्षणको अवस्था

(घ) परिवारिक वातावरण सौहार्द रहे-नरहेको

(ङ) पारिवारिक आर्थिक अवस्था

(च) बालबालिकाको शैक्षिक अवस्था

(छ) बालबालिका खुसी रहे/नरहेको

(ज) अनुगमन टोलीले आवश्यक ठानेका अन्य आवश्यक विषयहरू

## अनुसूची १५

**(बुँदा ४५ सँग सम्बन्धित)**

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्था अनुगमन निम्नानुसारका आधारहरू निर्धारण गरी गरिने छ।**

(१) नगर बालअधिकार समितिले कार्ययोजना बनाई नगरपालिकामा रहेका अन्य विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको अवस्थाको बारेमा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको बालबालिकाको अनुगमन गर्दा बालबालिकाले उचित संरक्षण नपाएको देखिएमा देहाय बमोजिमको सेवाहरूको सुनिश्चितताका लागि बाल अधिकार समितिले सहजीकरण गर्नेछः-

(क) प्रचलित कानून बमोजिम सामाजिक सुरक्षाको दायरामा पर्ने बालबालिकाको सामाजिक सुरक्षाको व्यवस्था

(ख) पारिवारिक परामर्श तथा सहयोग गर्नुपर्ने बालबालिकाको लागि सो को व्यवस्था

(ग) पहिचानको अधिकारबाट वञ्चित भएका बालबालिकाको अधिकार कार्यान्वयनको लागि सहयोग

(घ) अनुगमनका क्रममा तत्काल उद्धार गर्नुपर्ने अवस्था देखिएमा स्थानीय प्रहरीसँगको सहकार्यमा उद्धार गरी अस्थायी संरक्षण सम्बन्धी व्यवस्था

(ङ) अनुगमन टोलीले पहिचान गरेका अन्य सहयोगको व्यवस्था

## अनुसूची १६

**(बुँदा ४६ सँग सम्बन्धित)**

**दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुधारको अवस्था अनुगमन निम्नानुसारका आधारहरूमा निर्धारण गरी गरिनेछ।**

(१) बाल कल्याण अधिकारीले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (च) बमोजिम बालकल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशनमा रहने गरी दिशान्तर गर्दा छाडिएका बालबालिकाको सुधार सम्बन्धी देहायका विषयहरूको प्रत्येक चार/चार महिनाको तुलनात्मक अवस्था अनुगमन गर्नेछः-

(क) मनोसामाजिक लगायत स्वास्थ्यको अवस्था

(ख) व्यवहार

(ग) कम्तिमा विगत तीन महिनाको दैनिक कार्यतालिका

(घ) खानपान

(ङ) औपचारिक वा अनौपचारिक शिक्षाको अवस्था

(च) सीपमूलक तालिम

(छ) बालबलिकाको भावी योजना

(२) उपदफा (१) बमोजिमको तुलनात्मक अनुगमनको अवस्थाको आधारमा नगरपालिकाभित्र दिशान्तर प्रक्रिया अन्तर्गत पुनःस्थापनाका लागि छाडिएका बालबालिकाको व्यवहार र सुधारको अवस्था सम्बन्धी प्रतिवेदन बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नेछ।

(३) बाल कल्याण अधिकारीले उपदफा १ बमोजिमको अनुगमनका लागि सूचीकृत समाज सेवी, बाल मनोविज्ञ वा नगर बाल अधिकार समितिका अध्यक्षले तोकेको समितिका सदस्यको सहयोग लिन सक्नेछ।

# अनुसूची १७

**(बुँदा ५८ सँग सम्बन्धित)**

## बालमैत्री सथानीय शासनका न्यूनतम सूचक

(बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७९ अनुसार स्थानीयकरणसमेत)

| क्र.सं. | सूचक | अङ्कभार |
|---|---|---|
| १. | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व आठ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् । | ९५ प्रतिशत |
| २. | गर्भवती महिलाले टिटानस र डिप्थेरिया विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ प्रतिशत |
| ३. | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । | ९५ प्रतिशत |
| ४. | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० प्रतिशत |
| ५. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरूपमा पूर्ण स्तनपान[ज्ञ] गराएको हुनेछन् । | ८० प्रतिशत |
| ६. | ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | १०० प्रतिशत |
| ७. | १५ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्तगरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० प्रतिशत |
| ८. | एचआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएको हुनेछन् । | १०० प्रतिशत |
| ९. | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० प्रतिशत |
| १०. | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० प्रतिशत |

| क्र.सं. | सूचक | अङ्कभार |
|---|---|---|
| ११. | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ। | १०० प्रतिशत |
| १२. | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ। | १०० प्रतिशत |
| १३. | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ। | १०० प्रतिशत |
| १४. | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ। | १०० प्रतिशत |
| १५. | ५ वर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ। | १०० प्रतिशत |
| १६. | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनःस्थापना भएको हुनेछ। | १०० प्रतिशत |
| १७. | स्थानीय तह बालविवाह मुक्त घोषणा भएको हुनेछ। | १०० प्रतिशत |
| १८. | घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चार्डपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ। | ८० प्रतिशत |
| १९. | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ। | १०० प्रतिशत |
| २०. | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | ९५प्रतिशत |
| २१. | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा)को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन्। | १०० प्रतिशत |
| २२. | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ। (सडक बालबालिकालाई (भएकोमा) आफन्त खोजी गरी वा अस्थायी बाल संरक्षणगृहमा राखी व्यवस्थापन भएको हुने)। | १०० प्रतिशत |
| २३. | स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन्। | १०० प्रतिशत |

| क्र.सं. | सूचक | अङ्कभार |
|---|---|---|
| २४. | कुलतमा लागेका बालबालिकालाई बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० प्रतिशत |
| २५. | ३ देखि ४ वर्ष उमेर पुगको सबै  बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था हुनुपर्ने) | १०० प्रतिशत |
| २६. | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधार भूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरेका हुनेछन् । | १०० प्रतिशत |
| २७. | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भइ यसको प्रयोग भएको हुनेछ । | १०० प्रतिशत |
| २८. | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानीको धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० प्रतिशत |
| २९. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० प्रतिशत |
| ३०. | सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर अलग-अलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० प्रतिशत |
| ३१. | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ प्रतिशत |
| ३२. | स्थानीय तहका बस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बाल क्लब गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ प्रतिशत |
| ३३. | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व रहनेछ । | १०० प्रतिशत |
| ३४. | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ । | १०० प्रतिशत |

| क्र.सं. | सूचक | अङ्कभार |
|---|---|---|
| ३५. | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। | ९० प्रतिशत |
| ३६. | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | १०० प्रतिशत |
| ३७. | वडा, गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भइ क्रियाशील रहेका हुनेछन्। | १०० प्रतिशत |
| ३८. | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | १०० प्रतिशत |
| ३९. | गाउँ/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको हुनेछ। | ८० प्रतिशत |
| ४०. | बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। | १०० प्रतिशत |
| ४१. | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ। | १०० प्रतिशत |
| ४२. | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | १०० प्रतिशत |
| ४३. | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पूरा गरेका हुनेछन्। | १०० प्रतिशत |
| ४४. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन्। | १०० प्रतिशत |

| क्र.सं. | सूचक | अङ्कभार |
|---|---|---|
| ४५. | आधारभूत शिक्षा पश्चात् विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । | ८० प्रतिशत |
| ४६. | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | १०० प्रतिशत |
| ४७. | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १०० प्रतिशत |
| ४८. | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछन् । | १०० प्रतिशत |
| ४९. | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० प्रतिशत |
| ५०. | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० प्रतिशत |
| ५१. | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० प्रतिशत |

## अनुसूची १८

### (बुँदा ६२) सँग सम्बन्धित)

**बाल क्लब प्रतिनिधिहरूले भेलामा सहभागी हुन निम्न अनुसारका शर्त पूरा गर्नु पर्नेछ।**

(क) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ।

(ग) समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति लिएको हुनुपर्नेछ।

(घ) बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ।

(ङ) सञ्जाल भेलामा सहभागी हुने बाल क्लबका प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बाल क्लबमा आबद्ध भएको हुनु पर्नेछ।

(च) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा हुनेछ । सञ्जालको नेतृत्वको पुनःगठन प्रत्येक २ वर्षमा गर्नुपर्नेछ।

(छ) नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन गर्नुपर्दछ।

(अ) बाल सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ।

(आ) सम-क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ।

(इ) प्रतिस्पर्धी बालबालिका चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी

उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ।

(ई) बालबालिकाबिच हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ।

(उ) वडा तथा नगरपालिकामा गठन भएका बाल सञ्जालहरू गठन भएको एक महिनाभित्र टोखा नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा दर्ता गर्नु पर्नेछ।

(ऊ) दर्ता भएका बाल सञ्जालहरूले हरेक वर्ष अद्यावधिक गरी नवीकरण गर्नुपर्ने छ। यसरी अद्यावधिक हुँदा सम्बन्धित सञ्जालले अद्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरूको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ।

(ज) बाल सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसूची ८ मा रहेको बाल क्लबको विधानमा रहेको छ।

## अनुसूची १९

**(बुँदा ६७ सँग सम्बन्धित)**

**बालकोष परिचालन सम्बन्धी मापदण्ड निम्नानुसारको हुनेछ :**

(१) नगरपालिकाभित्र विशेष संरक्षणको आवश्यकता भएका सहयोग गर्नुपर्ने बालबालिकाको बारेमा थाहा पाउने जो कोहीले वडा बालअधिकार समिति वा नगर बाल अधिकार समिति समक्ष लिखित निवेदन दिन वा मौखिक रूपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि वडा बाल अधिकार समिति वा नगर बाल अधिकार समितिले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने छन् ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरेपछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने देखिएमा वडा बाल अधिकार समिति वा नगर बाल अधिकार समितिले यस कार्यविधिको बाल कोष सञ्चालन र व्यवस्थापन समितिमा जानकारी गराउनेछ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा वा सहयोगको सिफारिस भै आएमा आवश्यकता अनुसार बाल कोष सञ्चालक समितिका अध्यक्षले तत्काल बाल कोष सञ्चालन समितिको बैठक बोलाउन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको वैठकबाट बालबालिकालाई कुन किसिमको सहयोगको आवश्यकता हो र वडा स्तरीय बालकोषमा रहेको बजेटको उपलब्धताको अवस्थाको यकिन गरी खर्चको सीमाको आधारमा सहयोग गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको आवश्यकताका आधारमा बालकोषबाट खर्च व्यवस्थापन गर्न नसक्ने भएमा नगर बालअधिकार समिति मार्फत सहयोगका लागि नगरपालिकामा सिफारिस गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस भई आएका बालबालिकालाई नगरले प्रचलित कानुन बमोजिम सहयोग उपलब्ध गराउन सक्नेछ।

## अनुसूची २०

**(बुँदा २२ सँग सम्बन्धित)**

**बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्डहरू**

**बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ६२ को उपनियम** (४) **र नियम ६४ को उपनियम** (१) **तथा अनुसूची-४ बमोजिम स्थानीय तहमा सञ्चालमा रहेका बाल गृहहरुले पूरा गर्नुपर्ने मापदण्ड निम्नानुसार रहेका छन्ः**

(क) प्रचलित कानून बमोजिम नाफारहित सामाजिक संस्थाको रूपमा दर्ता भएको,

(ख) संस्थाको विधानमा बाल गृह सञ्चालन गर्ने उद्देश्य भएको,

(ग) कम्तीमा बीस जना बालबालिका राख्न सक्ने परिषद्ले तोके बमोजिमको बालमैत्री भौतिक पूर्वाधार तथा संरचना भएको,

(घ) बालक, बालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई सुरक्षितसँग छुट्टा-छुट्टै राख्न सक्ने भौतिक पूर्वाधार, मानवीय तथा आर्थिक स्रोत भएको,

(ङ) बालबालिकालाई आश्रय दिने, खानपिन, पालन पोषण गर्ने, स्वास्थ्य उपचार गर्ने, उचित शिक्षा तथा व्यावसायिक तालीम प्रदान गर्ने क्षमता भएको,

(च) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकुद तथा मनोरञ्जनको सुविधाहरू उपलब्ध गराउन सक्ने स्रोत तथा साधनको व्यवस्था भएको,

(छ) आश्रित बालबालिकाको औपचारिक शिक्षाको प्रबन्ध गर्नुका साथै आवश्यकता अनुसार बाल गृहमा पढाउने शिक्षकको व्यवस्था गरिएको र विशेष प्रकृतिका र विद्यालय जान नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा तथा सीप विकासको अवसर दिलाउन सक्ने क्षमता भएको,

(ज) आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक साहित्यिक र सांस्कृतिक बाल कार्यक्रममा सहभागी हुने अवसरको सिर्जना गरी अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्न सक्ने भएको,

(झ) बाल गृहमा बाल क्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्धन गराएको वा गराउने क्षमता भएको,

(ञ) बाल गृहमा बालमैत्री वातावरण कायम गरी बाल संवेदनशीलतालाई अभिवृद्धि गर्न सक्ने भएको,

(ट) परिषद्‌ले तोकेको वैयक्तिक विवरण फाराममा बालबालिकाको विवरण अनिवार्य रूपमा व्यवस्थापक वा सञ्चालकबाट प्रमाणित गरी सुरक्षित राख्न सक्ने व्यवस्था भएको,

(ठ) बालबालिकाको शैक्षिक तथा स्वास्थ्य सम्बन्धी प्रगति विवरण अद्यावधिक गर्दै सुरक्षित राख्न सक्ने व्यवस्था भएको,

(ड) बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर अनुसार संरक्षण, स्याहार सुसार, सुरक्षा, उचित हेरचाह तथा बालमैत्री वातावरणमा हुर्कन पाउने व्यवस्था भएको,

(ढ) असहाय, असक्त र अपाङ्गता भएका बालबालिकाको लागि विशेष व्यवस्था गरिनुको साथै उनीहरूको हेरचाह र स्याहार सुसार गर्ने उचित व्यवस्था मिलाउन सक्ने क्षमता भएको, (१६) बाल गृहमा आश्रित बालबालिकाको उच्चतम हितको लागि परिवारको खोजी गरी पारिवारिक पुर्नमिलन तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने क्षमता भएको,

(ण) संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरेको,

(त) बाल गृहमा रहेका बालबालिकाले प्राप्त गर्ने सेवा, सुविधा र निजहरूको संरक्षण सम्बन्धमा परिषद्‌ले तोकेको अन्य आवश्यक मापदण्ड ।

प्रमाणीकरण मिति : २०८२/०६/३१

**आज्ञाले,**

**कमल भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**